नजर हमर

राष्ट्रिय दैनिक


# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

**समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि काम अगाडि बढाएको छुः स्वास्थ्यमन्त्री**



संवाद पृष्ठ ७ मा

वर्ष २ | अंक ३०४ | २०८१ साल असोज ०७ गते सोमबार | Monday 23, September 2024 | सूर्योदय: बिहान ५:५४ बजे | सूर्यास्त: साँझ ६:०० बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# चुरे संरक्षण माग गर्दै मुख्यमन्त्री कार्यालय घेराउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चुरे संरक्षण माग गर्दै चुरे तथा वन जंगल संरक्षण अभियान नेपालले मुख्यमन्त्री
कार्यालय घेराउ गरेका छन् । चुरे संरक्षण, भूमिहीन दलितलाई जग्गा व्यवस्था, चुरेमा भइरहेको अवैध दोहन रोक्नुपर्ने लगायतको माग राख्दै उनीहरुले मुख्यमन्त्री कार्यालय घेराउ गरेका हुन् ।

मधेश प्रदेश सरकारले पटकपटक चुरे अभियानीसँग सहमति गर्ने तर चुरे संक्षरणका लागि खासै कार्य नगरेका कारण आफूहरु संघीय राजधानी काठमाडौंसम्म पैदल मार्चसमेत गरेको अभियानी सुनिल यादवले जानकारी दिए ।

चुरे वन विनाश रोक्न सरकार गम्भीर बन्नुको साटो चुरे क्षेत्रमा अवैध दोहनका कार्य हुँदै आएको र प्रदेश सरकार मौन जस्तो देखिएको अभियानीहरुको आरोप छ । उनले दलितहरु विशेष गरी भूमिहीन भएर बस्दै आए पनि उनीहरुको समस्याप्रति सरकार गम्भीर नदेखिएको बताए ।

उनले भूमिको समस्याप्रति सरकारलाई गम्भीर बन्न आग्रह गर्दै दलित र सुकुम्बासी अहिले पनि सार्वजनिक र ऐलानी जग्गामा बस्दै आएको तथा उनीहरुलाई आफ्नो जग्गा नभएपछि जहिले पनि त्रास र तनावपूर्ण अवस्थामा रहेको बताए ।

चुरे विनाशका कारण जलवायु परिवर्तन हुँदै आएको छ । तर पनि सरकार समस्याप्रति गम्भीर नदेखिएको उनीहरुले बताए । जथाभावी हुने चुरे दोहनका कारणले जलवायु परिवर्तनको असर मधेशमा परिहेको तर मधेस प्रदेश सरकार गम्भीर नदेखिएको उनीहरुको आरोप छ ।

# दोषीलाई कारबाही माग गर्दै चक्काजाम



**जनकपुरधाम ।**
सिन्धुलीमा अध्ययनरत धनुषाका लक्ष्मीनियाँ गाउँपालिकाका विद्यार्थीको रहस्यमय मृत्यु भएपछि विद्यालय व्यवस्थापनलाई कारबाही माग गर्दै स्थानीयले ढल्केबर–जनकपुर सडकखण्ड अवरुद्ध पार्दै आन्दोलित भएका छन् ।

उनीहरुले दोषीलाई कारबाही नगरे आन्दोलन जारी रहने भन्दै सडक अवरुद्ध गरेका थिए । लक्ष्मीनियाँ गाउँपालिका–४ स्थित सपहीमा वडाध्यक्ष रमेश साहसहितका स्थानीयले सडक अवरुद्ध गरेका हुन् ।

बिहान ८ बजेदेखि ११ बजेसम्म उनीहरुले सडकमै धर्ना बसेर यातायात अवरुद्ध पारेका थिए ।भदौ २ गते सिन्धुलीको कमलामाई नगरपालिकामा रहेको भगवतीमाई इंग्लिस माध्यमिक विद्यालयको कक्षा ८ मा अध्ययनरत १४ वर्षीय रजनीश साह होस्टेलमा मृत फेला परेका थिए । घटना शंकास्पद रहेको भन्दै पीडित परिवारले छानबिन र दोषीमाथि कारबाही माग गर्दै आएका छन् ।

मृतक रजनीशका बुबा गणेश साहले घटनाबारे स्कुलले ढिलो जानकारी दिएको आरोप लगाए । राति २ बजे धुलिखेल अस्पताल पुग्दा छोरोको मृत्यु भइसकेको पाइएको र घटना शंकास्पद रहेको उनले दाबी गरे ।




# छवि समातिएपछि रवि आतंकित

**मधेशदृष्टि**
**वीरगंज ।**
गोर्खा मिडिया प्रालिका तत्कालीन सञ्चालक छविलाल जोशी समातिएर पोखरा पठाइएपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति तथा सांसद रवि लामिछाने र उनका पार्टीका कार्यकर्ता पनि आतंकित भएका छन् । लामिछानेलाई पनि प्रहरीले पक्राउको तयारी गरेको पाइएपछि आइतबार साँझ रास्वपा केन्द्रीय कार्यालय, बालाजु बनस्थलीमा कार्यकर्ता काठमाडौमा उपलब्ध कार्यकर्ता भेला भएका थिए ।





सहकारीको बचत रकम अपचलन संसदीय छानबिन समितिले गोर्खा मिडियामार्फत सहकारीको रकम अपचलन गरेको भन्दै जोशी, जिबी राई, कुमार रम्तेल र रास्वपा सभापति लामिछानेलाई प्रचलित कानूनबमोजिम कारबाही गर्न सिफारिस गरेपछि जोशी समातिएका हुन् । प्रहरीले रविको खोजी गरेको खबर आइतबार दिउँसोदेखि नै प्रवाह भएपछि रवि पार्टी कार्यालयमै नेताहरुसँग छलफलमा थिए । यद्यपि आइतबार रातिसम्म रवि समातिएका छैनन् । संसद नचलेकाले सभामुखबाट अनुमति लिने प्रक्रियालगायका काम बाँकी नै भएकाले पनि रवि पक्राउ नपरेको प्रहरीको स्रोतको दाबी छ । बहालवाला सांसदलाई प्रक्रिया पुर्याएर मात्र पक्राउ गर्नु पर्ने भएकाले पनि रविलाई खोजिरहेको प्रहरी आइतबार रित्तो हात फर्किरहेको छ ।

यता, पार्टी सभापतिबारे अनेक समाचार आएपछि रास्वपाले आइतबार साँझ काठमाडौ उपत्यकाका कार्यकर्तालाई केन्द्रीय कार्यालय बोलाएको थियो । रास्वपा बागमती प्रदेश सभापति डा. अच्युत्तम लामिछानेले उपत्यकाका पार्टी सदस्यलाई यथासक्य केन्द्रीय कार्यालयमा उपस्थित हुन आग्रह गरेका थिए । यस्तै, एसएमएस पनि गरिएको थियो ।

केन्द्रीय कार्यालय पुगेका रास्वपाका कार्यकर्ताले भने, 'प्रदेश सभापतिले एसएमएस गरेपछि हामीहरु भेला हुँदैछौँ ।' रास्वपाका एक नेताका अनुसार सभापति लामिछानेसहित केन्द्रीय नेताहरु पार्टी कार्यालय बालाजु, बनस्थलीमा थिए । सहकारी ठगी प्रकरणमा संसदीय छानबिन समितिले कारबाही सिफारिस गरेका रास्वपा सभापति तथा तत्कालीन गोर्खा मिडियाका प्रबन्ध निर्देशक लामिछाने पक्राउ पर्ने आशंकामा रास्वपाले भेला डाकेको हो ।

यसअघि, गोर्खा मिडिया नेटवर्क प्रालिका तत्कालीन सञ्चालक पूर्वडिआइजी छविलाल जोशी आइतबार पक्राउ परेका थिए । सहकारी संस्थाको बचत अपचलनसम्बन्धी मुद्दामा जोशी पक्राउ परेका हुन् । उनी

बाँकी पृष्ठ २ मा

## 'सहकारीको ऋण लिने रवि पूर्वगृहमन्त्री नै हुन्'

**–कुमार रम्तेल**

पूर्वगृहमन्त्री एवम् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले विभिन्न सहकारीबाट गोर्खा मिडिया नेटवर्कमा प्रवाह भएको ऋणमा आफ्नो संलग्नता अस्वीकार गर्दै आएका छन् । तर सहकारी छानबिन संसदीय विशेष समितिमा बयान दिएका कतिपय व्यक्तिले सहकारीबाट ऋण लिएका 'रवि लामिछाने' उनै रवि रहेको बताएका छन् । उनीहरुले त्यसको पुष्टिका लागि अरु कतिपय विवरण पनि पेश गरेका छन् ।



सहकारी ठगीको मुद्दामा परेकाले हाल थुनामा रहेका कुमार रम्तेलले ऋणको रकम गोर्खा मिडियाको खातामा गएकाले ती व्यक्ति पूर्वगृहमन्त्री रवि लामिछाने नै रहेको जिकिर गरेका छन् । 'ऋणी रवि लामिछाने पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री एवम् प्रतिनिधि सभा सदस्य हुनुहुन्छ । छविलाल बन्जाडे जोशी (प्रहरीको)पूर्वनायव महानिरीक्षक हुनुहुन्छ भन्नेमा म यकिन छु,' उनले जवाफ नम्बर ३३ मा भनेका छन्, 'ऋणको बाँकी रकम गोरखा मिडिया नेटवर्कको खातामा गएको देखिन्छ ।'विभिन्न व्यापार व्यवसायमा जिबी राईका हिस्सेदार रहेका कुमार रम्तेल पोखराको सूर्यदर्शन, वीरगंजको सानो पाइला लगायतका सहकारीमा आवद्ध रहे । उनी पछि गोर्खा मिडिया नेटवर्कको पनि सञ्चालक थिए । समितिमा बयान दिने सिलसिलामा उनले रवि लामिछानेको नामको ऋण तिर्न आफ्नो नामबाट अर्को कृत्रिम ऋण लिइएको जिकिर गरेका छन् । रवि लामिछानेले ग्यालेक्सी छाडेपछि उनको नाममा सहकारीमा भएको ऋण अरु सहकारी सञ्चालकहरुको नाममा सारेर मिलाइएको थियो ।

'मेरो नाममा खडा गरिएको कृत्रिम ऋणबाट किस्ता तिरी बाँकी रकम गोर्खा मिडिया नेटवर्क प्रालिको खातामा जानुले पनि यो कुरा पुष्टि हुन्छ,' उनले बयानमा भनेका छन्, 'रकम तिरिएको व्यक्ति पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने नै हुन् भन्ने कुरा म यकिन साथ भन्न सक्छु ।'

# गृहको निर्देशन

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको प्रतिवेदन कार्यान्वयन गर्न गृह मन्त्रालयले प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिएको छ । समितिले दिएका गृह मन्त्रालयसँग सम्बन्धित सुझाव तथा सिफारिस कार्यान्वयनका लागि प्रहरी प्रधानकार्यालयलाई पत्राचार भएको मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले जानकारी दिए ।

'गृहमन्त्रालयसँग सम्बन्धित सुझाव कार्यान्वयनका लागि मन्त्रिपरिषद्बाट पत्र प्राप्त भएको छ । त्यसलाई तत्काल कार्यान्वयनका लागि प्रहरी प्रधानकार्यालयलाई पत्राचार गरेका छौँ,' उनले भने, 'प्रहरी प्रधानकार्यालयले
प्रतिवेदनका सिफारिस अध्ययन गर्नेछ र सोहीअनुसार कार्यान्वयन प्रक्रियामा अगाडि लैजानेछ ।' विभिन्न सहकारी संस्थाको बचत रकम दुरुपयोग भएको विषयमा र सहकारी क्षेत्रमा देखिएका समस्याको समाधान गर्न प्रतिनिधिसभाबाट जेठ १५ गते सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा छानबिन गरी सुझाव पेस गर्न समिति गठन भएको थियो ।

समितिले भदौ ३१ गते आफ्नो प्रतिवेदन प्रतिनिधिसभामा पेस गरेको थियो । प्रतिनिधिसभाले प्रतिवेदन कार्यान्वयनका लागि सरकारलाई बुझाएको थियोभने मन्त्रिपरिषद् बैठकले प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाउने निर्णय गरेको थियो । संसदीय छानबिन विशेष समितिले विभिन्न चारवटा विषयमा अध्ययन अनुसन्धान गरी सुझाव तथा सिफारिसका लागि कार्यादेश पाएको थियो । विभिन्न सहकारी संस्थाबाट गोरखा मिडिया नेटवर्क प्राइभेट लिमिटेडमा प्रवाह भएको रकमको विषय पनि एउटा थियो ।

छानबिन समितिले सहकारी कानूनविपरीत गोरखा मिडिया नेटवर्क प्रालिमा रकम प्रवाह गर्ने पोखराको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेड, काठमाडौको स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, चितवनको सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र वीरगंजको सानो पाइला बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सञ्चालक एवम् निर्णय प्रक्रियामा संलग्न सबैलाई कानुनबमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा लेखिपठाउन सरकारलाई सिफारिस गरेको थियो ।

गोरखा मिडिया कम्पनीमा रकम पठाएको देखिएका इमेज बचत तथा ऋण सहकारी संस्था लिमिटेड, समानता बचत तथा ऋण सहकारी संस्था लिमिटेड, सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेड, आइएमई कोअपरेटिभ्सलगायत कानुनविपरीत कार्य गरेका सहरकारी संस्थाका सञ्चालक एवम् निर्णय प्रक्रियामा संलग्न सबैलाई कानूनबमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा पठाउन सरकारलाई सिफारिस गरेको थियो ।



# दुई महिनामा साढे १४ अर्ब सरकारी ऋण थप

काठमाडौं । आर्थिक वर्ष २०८१–८२ को पहिलो दुई महिनामा १४ अर्ब ५२ करोड रुपैयाँ सरकारी ऋण थपिएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष शुरु हुँदा २४ खर्ब ३४ अर्ब नौ करोड रुपैयाँ रहेको सार्वजनिक ऋण भदौ मसान्तसम्ममा बढेर २५ खर्ब २८ अर्ब ६२ करोड रुपैयाँ बराबर पुगेको छ । हालसम्मको कूल सार्वजनिक ऋण मुलुकको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को ४४ दशमलव ३२ प्रतिशत बराबर हो । चालु आर्थिक वर्ष शुरु हुँदा आन्तरिक ऋण ११ खर्ब ८० अर्ब ९० करोड रुपैयाँ बराबर रहेकामा भदौ मसान्तसम्ममा बढेर १२ खर्ब ३५ अर्ब ९० करोड रुपैयाँ पुगेको छ । जिडिपीका आधारमा आन्तरिक ऋणको अनुपात २१ दशमलव ६६ प्रतिशत बराबर हो । यो दुई महिनामा सरकारले ९० अर्ब रुपैयाँ आन्तरिक ऋण उठाउँदा ३५ अर्ब रुपैयाँ बराबर ऋण तिरेको छ । त्यस्तै, भदौ मसान्तसम्म तिर्न बाँकी बाह्य ऋण १२ खर्ब ९२ अर्ब ७१ करोड रुपैयाँ छ । चालु आवको शुरुआतमा बाह्य ऋण १२ खर्ब ५३ अर्ब १९ करोड रुपैयाँ बराबर थियो । पछिल्लो दुई महिनामा सरकारले बाह्य ऋणको साँवा र ब्याज भुक्तानीमा १४ अर्ब पाँच करोड रुपैयाँ खर्च गरेको छ भने यही अवधिमा चार अर्ब ६७ करोड रुपैयाँ बराबर बाह्य ऋण थपेको छ । जिडिपीको तुलनामा बाह्य ऋण २२ दशमलव ६६ प्रतिशत बराबर हो ।

चालु आर्थिक वर्षका लागि सरकारले रु पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण उठाउने लक्ष्य लिएकामा भदौ मसान्तसम्ममा रु एक खर्ब चार अर्ब पाँच करोड ऋण उठाइसकेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका उपसचिव प्रकाश पुडासैनीले जानकारी दिनुभयो । वार्षिक लक्ष्यको तुलनामा यो अवधिको सार्वजनिक ऋण प्राप्ति १८ दशमलव ६६ प्रतिशत बराबर हो ।

चालु आर्थिक वर्षका लागि सरकारले सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानी गर्ने प्रयोजनका लागि कुल चार खर्ब दुई अर्ब रुपैयाँ बजेट छुट्याएको छ ।

भदौ मसान्तसम्ममा ४७ अर्ब ७१ करोड ५१ लाख रुपैयाँ बराबर साँवा ब्याज भुक्तानी भइसकेको छ । यो अवधिको साँवा ब्याज भुक्तानी वार्षिक बजेट विनियोजनका आधारमा ११ दशमलव ८४ प्रतिशत बराबर हो । जिडिपीको आधारमा भदौ मसान्तसम्मको कुल ऋण सेवा खर्च शून्य दशमलव ८४ प्रतिशत बराबर हो ।

# विश्व पर्यटन दिवसमा सप्ताहव्यापी कार्यक्रम शुरु




मिश्रीलाल मधुकर
जनकपुरधाम । ४५ औं विश्व पर्यटन दिवसको अवसरमा धार्मिक नगर जनकपुरधाममा साताव्यापी कार्यक्रम शुरु भएको छ । कार्यक्रमअन्तर्गत जानकी मन्दिरको सरसफाई गरिएको छ । सयौंको सहभागितामा जानकी मन्दिरबाट जनकपुरधामका ५२ वटा कुटी र ७२ वटा कुण्डको दर्शन गरिएको थियो । यद्यपि, केही कुट्टी (मन्दिर) र कुण्डहरु (तालहरु) लोपोन्मुख छन् । अवलोकनको उद्देश्य यी प्राचीन र ऐतिहासिक मठ, मन्दिरहरु र तालहरुको अस्तित्व बचाउनु हो । दोस्रो दिन आइतबार पनि पुरातन मणिमण्डपको सरसफाई गरी रुख रोपिएको थियो । कार्यक्रममा पर्यटन विभागका पदाधिकारी, न्यू भिजन नेपालका अध्यक्ष अम्बुप्रसाद साह, सोटो नेपालका अध्यक्ष वीरेन्द्र साह, जनकपुरधाम टुर एण्ड गाइड एशोसिएशन मधेश प्रदेशका अध्यक्ष विक्रम साह, जनकपुरधाम भ्रमण २०२४, उद्योग तथा पर्यटन मन्त्रालयका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

# कोल्हवीमा हात्ती मृत अवस्थामा फेला



मधेशदृष्टि
वीरगंज । बारा जिल्ला अन्तर्गत पर्ने कोल्हवी नगरपालिका वडा न.२ को भलुवाईखोर स्थित कृष्ण मन्दिर पछाडि जंगली हात्ती आइतबार बिहान मृत अवस्थामा फेला परेको छ ।

करिब १७ बर्षे जवान हात्ती २८ फिट ३३ इन्च लम्बाई रहेको सब डिभिजन वन कार्यालय, कोल्हवीका रेन्जर अब्दुल करिम मियाँले जनाएका छन् । हात्ती मरेको खबर स्थानीयले बिहान वन कार्यालय कोल्हवीलाई गरे लगत्तै घटना स्थलमा ई.प्र.का कोल्हवी, शसस्त्र प्रहरी बेस क्याम्प कोल्हवी, नेपाल आर्मीको बन्यजन्तु संरक्षक टोली, डिभिजन वन कार्यालयका बाराका प्रमुख राजिब कुमार झा सहितको टोली पुगेको थियो ।

घटनाको प्रारम्भिक अनुसन्धानबाट हात्ती करेन्ट लागेर मरेको हुन सक्ने डिभिजन वन कार्यालय बाराका प्रमुख झाको भनाई छ । यद्दपी हात्तीको पोस्ट मार्टम आएपछि माल कारण भन्न सकिने उनले बताए । घटनाको जानकारी प्राप्त भएपछी करिब ३ घन्टा पछि पर्सा राष्ट्रिय निकुञ्जबाट चन्द्रकला राईको नेतृत्वको प्राविधिक टोली पुगि हात्तिको मासु, दाह्रा जाँचको लागि लगेको छ । डिभिजन वन प्रमुख झाका अनुसार जङ्गली जनावर नियन्त्रण गर्ने हिसाबले काडे तार बाहेक कुनै पनि विद्युतिय प्रवाह हुने गरि जि.आई तार लगाउने देखि अरु कुनै बर्जित कार्य गरेमा १५ बर्ष कैद, ५ लाख रुपैयाँ जरिवाना अथवा दुवै सजाय हुने कानुनी प्रावधान रहेको छ ।

# किन पक्राउ परे दुर्गा प्रसाईं ?


मधेशदृष्टि
वीरगंज । जसका बारे पनि बेलगाम जिब्रो चलाउने मेडिकल व्यवसायी दुर्गा प्रसाई पक्राउ परेका छन् । उनलाई साइबर ब्यूरोमा परेको उजुरीका आधारमा प्रहरीले पक्राउ गरेको हो ।

विद्युतीय अपराध कारोबार ऐनविपरीतको कसुर गरेको आरोपमा पक्राउ परेका दुर्गा प्रसाईलाई प्रहरीले आइतबार नै अदालतमा हाजिर गराएको छ ।

भक्तपुरस्थित घरबाट पक्राउ परेका प्रसाईलाई आइतबारै अदालतमा हाजिर गराएर थप अनुसन्धानका लागि हिरासतमा राख्न अनुमति लिइएको हो । प्रहरीको साइबर ब्यूरोका प्रमुख डिआइजी नविन्द्र अर्यालले प्रसाईलाई आइतबारै अदालतमा उपस्थित गराइएको बताए । प्रहरीका अनुसार, उनलाई ३ दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति पाइएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीकी नेतृ ज्वाला संग्रौलाले प्रसाईविरुद्ध नेपाल प्रहरीको साइबर ब्यूरोमा जाहेरी दिएकी थिइन् । आफ्नो चरित्रहत्या गर्ने गरी एक युट्युब च्यानलमा अन्तर्वार्ता दिएपछि उनले प्रहरी गुहारेकी हुन् । प्रहरीले शुरुमा जाहेरी दर्ता गर्न आनाकानी गरेको थियो, तर संग्रौलाले सामाजिक सञ्जालबाट अनवरत आवाज उठाएपछि जाहेरी दर्ता भएको थियो । त्यसको आधारमा प्रसाईमाथि अनुसन्धान अघि बढाउन प्रहरीलाई अदालतले गएको बुधबार अनुमति दिएको थियो । प्रसाईसहित बाग्लुङका जीवन पाण्डे र धादिङका प्रकाशचन्द्र दाहाललाई पनि पक्राउ गर्न अदालतले अनुमति दिएको छ ।

असोज २ गते प्रसाईलाई पक्राउ गरेर अनुसन्धान गर्न जिल्ला अदालत काठमाडौंले प्रहरीलाई अनुमति दियो । प्रहरीले पक्राउ पुर्जी जारी गरेलगत्तै घरमा युट्युबर बोलाएर प्रसाईले आफूले प्रधानमन्त्री केपी शर्मा ओलीको



विरोध गरेको भएर जेल हाल्न खोजिएको दाबी गरेका थिए । उनी अन्तर्वार्ताकै क्रममा जापानमा रहेकी छोरीलाई फोन गरेर भावुकसमेत भए ।

संग्रौलालाई के भनेका थिए प्रसाईले ?

केही समयअघि कान्तिपुर दैनिकको मास्टहेड दुरुपयोग गर्दै एउटा फेक न्युज भाइरल बनाइएको थियो । 'जापानमा वेश्यावृत्तिमा संलग्न भनिने ज्वाला संग्रौला' भन्ने टाइटल राखेर उनको तस्विरसहित फोटोसप गरिएको सामग्रीलाई ज्वालाका विरोधीले सामाजिक सञ्जालमा हालेका थिए । पछि फ्याक्ट चेकमा कान्तिपुरले यस्तो शीर्षकमा समाचार कहिल्यै नछापेको प्रमाणित भइसकेको छ ।

त्यही फेक न्युजलाई आधार बनाएर दुर्गा प्रसाईले युट्युब च्यानललाई अन्तर्वार्ता दिएका थिए । अन्तर्वार्तामा उनले ज्वालाको नाम नलिइकन 'जापानमा वेश्यावृत्ति गर्ने महिला' भनेका थिए । प्रसाईले ज्वालालाई बदनाम गर्न खोज्नुको कारण हो, उनले सामाजिक सञ्जालमा राखेको एउटा भिडियो । त्यो भिडियो दुर्गा प्रसाईले दुबईमा मृत्युदण्डबाट जोगाएर नेपाल फर्काएको भनिएका युवक पहलमान थापाका आफन्तको पत्रकार सम्मेलनको थियो । ती युवकले पत्रकार सम्मेलन गर्दै आफ्नो जीवन रक्षामा दुर्गाले एक रुपैयाँ पनि सहयोग नगरेको बताएका थिए ।

भिडिओ सेयर गर्दै ज्वालाले लेखेकी थिइन्, 'दुर्गा प्रसाई दाइले आफूले उद्धार गरेको भनेर फेसबुकतिर बधाई खाँदै गरेको देखेकी थिएँ, तर उद्धारकर्ता अर्कै रहेछन् । बिचरा जो वास्तविक उद्धारकर्ता छन्, तिनलाई दुर्गा दाइको झूटो अभिव्यक्तिले कति असर पुगेको रहेछ ! समाज सेवाको नाममा भाइरल हुन जे पनि नगर न हो साथीहरु ।'

यसपश्चात युट्युबरहरु बुम बोकेर दुर्गा प्रसाईकहाँ पुगे । उनलाई सोधियो, 'तपाईंले त झुट बोल्नुभएको रहेछ नि ?' जवाफमा उनले आफैं पैसा नदिएको तर, पैसा जुटाउन पहल गरेको बताए । त्यही क्रममा उनले ज्वालाप्रति भँडास निकालेका थिए ।

उनले बोलेका शब्दहरु यस्ता छन्ः

'जब हामीले भिडिओ बनाएर अपिल गरिसकेपछि पैसा जम्मा भइसकेपछि व्यूँझिएका होइनन् यिनीहरु ? कोही जापानमा वेश्यावृत्ति गर्ने, कुनै पार्टीको केन्द्रीय सदस्य भ'का छन् । जापानमा वेश्यावृत्ति गर्ने, केटालाई केटी मिलाइदिने, भँड्वाको काम गर्ने, दलालको काम गर्ने, हामीलाई थाहा छैन ? त्यस्ता मान्छे फेसबुक स्टाटसमा लेखेर दुर्गा प्रसाईलाई हल्लाउन खोज्छन् । आखिरमा फेसबुकमा जुन आको छ नि, त्यसमा गाली कसलाई गरेको छ ? वेश्या, भँड्वा, पागलले हल्लाएर दुर्गा प्रसाई हल्लिँदैन । मैले लाश ल्याउँदा सुन ल्याएँ रे ! जेलमा बसेको त्या भाइहरुलाई उतै मर्न दिनुपर्ने रछ नि ! अब गर्ने कि नगर्ने ? तिनीले गरुन् । त्यही जापानमा वेश्यावृत्ति गर्नेले गरुन् नि ! अर्कालाई केटी मिलाइदिने, अनि आफू पनि वेश्यावृत्ति गर्ने, रातभरि सात जनासँग चर्ने । त्यसले गर्नु नि ! फेसबुकमा लेख्न जान्दैं भनेर हालिछे । यस्ता छन् नयाँ पार्टीका मेम्बर । त्यसको शाखा सन्तानै त्यस्तो हो क्या ! आफू केही राम्रो नगर्ने, अर्काको खोइरो खन्ने ।'

प्रसाईको अभिव्यक्तिको संग्रौलाले तत्काल फेसबुकबाट प्रतिवाद गरेकी थिइन् । लामो स्टाटस लेख्दै उनले प्रसाईमाथि कानूनी कारबाहीको माग गरेकी थिइन् ।

उनले लेखेकी छन्, 'धेरैको लागि सहयोग गरियो, दुःख गरियो, अन्याय अत्याचारविरुद्ध बोलियो, तर अन्त्यमा सामाजिक सञ्जाल चलाउने केही दानवीय प्रवृत्तिका मान्छेहरुले मलाई 'वेश्या' भनेर फेसबुकभरि फेक एडिट गरिएको कान्तिपुर कुदाएर बदनाम गर्ने कोसिस गरे । यो कुरा चारपाँच वर्षअघिकै हो । म जापान रहँदा केही व्यक्तिहरुसँग वैचारिक ठाकठुक परेको थियो । विचारलाई विचारले नै जित्न सकिन्थ्यो, तर वैचारिक बहस गर्न नसक्नेहरुले कान्तिपुरले छापे जस्तै दुरुस्त फोटो र केही अक्षर नचिनिने गरी फेक एडिट गरेर 'समाजसेवी भनिने ज्वाला संग्रौला वेश्यावृत्तिमा संलग्न' भनेर एडिट गर्दै सञ्जालभरि घुमाए र मलाई 'जापान काण्ड' भन्दै जताततै व्याग मेन्सन गरेर चरित्र हत्या गर्दै मेरो बदनाम गरी मलाई मानसिक रुपमा विक्षिप्त बनाए । उस्तै भए मेरो पनि श्रीशा कार्कीको जस्तै समाचार आउँथ्यो, तर मैले हिम्मत हारिनँ । मैले गलत कुराको विरुद्ध लड्नुपर्छ भन्ने सोचेर नेपाल आएँ ।

मलाई पत्रिकाले नलेखेको कुरालाई लेखे जस्तै गरेर बदनाम गर्नेहरुको विरुद्ध म साइबर धेरै पटक गएँ, तर प्रहरीले मलाई कुनै दिन सहयोग गरेन । अहिले पनि मेरोबारे यस्तो भ्रम फिजाउन छोडेका छैनन् । चरित्र हत्या गरेर वेश्या बनाउन छोडेका छैनन् । हुँदाहुँदा हिजो दुर्गा प्रसाईले समेत जापानकी वेश्या, पार्टीकी केन्द्रीय सदस्य, रातभरि चर्ने, अरुलाई पनि केटा मिलाउने भन्दै एउटा युट्युबेलाई अन्तर्वार्ता दिएका छन् । यदि नेपाली समाज र नेपालको न्याय ज्यूँदै छ भने अराजक दुर्गा प्रसाईलाई कानूनी रुपमा दण्डित गरेर मलाई न्याय दिन्छ कि अर्को श्रीशा बन्न बाध्य बनाउँछ ? दुर्गा प्रसाईले के सोचेर कसैकी छोरी–चेलीलाई वेश्या–रण्डी भन्दैछन् ? के उनी महिलाको गर्भबाट जन्मिएका होइनन् ? राज्यले यसको जवाफ खोज्न ढिला नगरोस् !'

लामो समय जापानमा बसेकी ज्वाला केही वर्षअघि नेपाल फर्केपश्चात सामाजिक अभियन्ताका रुपमा सक्रिय थिइन् । २०७९ साल वैशाखमा उनी राप्रपा प्रवेश गरेकी थिइन् । पछि रवि लामिछानेको नेतृत्वमा राष्ट्रिय स्वतन्त्र पार्टी गठन हुनासाथ राप्रपा त्यागेर रास्वपामा लागिन् । उनलाई गत वर्ष फागुनमा रास्वपाले केन्द्रीय सदस्य बनाएको हो । हाल उनी नारी टेलिभिजनमा 'माइतीघर' नामक कार्यक्रम सञ्चालन गर्छिन् । कार्यक्रममार्फत ज्वालाले महिलामाथि हुने घरेलु हिंसाका थुप्रै घटनालाई उजागर गर्दै आएकी छन् । दुर्गा प्रसाई पक्राउपछि संग्रौलाले अब न्याय पाउने आशा व्यक्त गरिन् ।

पाँच कार्यकर्ता पक्राउ

दुर्गा प्रसाई पक्राउको विरोधमा उत्रिएका उनका ५ जना कार्यकर्ता पक्राउ परेका छन् । भोटाहिटीस्थित साइबर ब्युरोबाट २ जना र काठमाडौं जिल्ला अदालत परिसरबाहिरबाट ३ जनालाई पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ ।

मधेश प्रदेश सरकार
**उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय**
**पर्यटन विकास कार्यालय**
जनकपुरधाम धनुषा , नेपाल

**सवारी साधन भाडामा लिने सम्बन्धि सूचना**
(प्रथम पटक प्रकाशित मिति:२०८१/०५/०५)

यस कार्यालयको आ.व.२०८१/८२ का स्वीकृत योजना तथा कार्यक्रमहरुको स्थलगत अनुगमन तथा सुपरिवेक्षण कार्यको लागि यस कार्यालयको कार्यक्षेत्र(धनुषा,महोत्तरी र सर्लाही)भएकोले उक्त स्थानमा पुग्न सक्ने न्यूनतम् ५-७ सिट क्षमता भएको हलुका सवारी साधनको आवश्यकता भएकोले कार्यालयले इन्धनको व्यवस्था गर्ने गरि भाडामा लिने निर्णय भएकोले के कति दररेटमा सवारी साधन उपलब्ध गराउन सक्ने हो सो सम्बन्धमा तोकिए बमोजिमको फारम भरि आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस कार्यालयमा शिलबन्दी दरभाउ पेश गर्नु हुन अनुरोध गरिन्छ ।

**शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्ने कागजातहरु:**
१. सवारी नवीकरण भएको ब्लुबुकको प्रतिलिपि १ प्रति
२. सवारी चालकको नवीकरण भएको चालक अनुमतिपत्रको प्रतिलिपि १ प्रति
३. चालकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति
४. विमा भएको कागजातको प्रतिलिपि १ प्रति
५. कम्पनी वा फर्मको हकमा संस्था प्रमाणपत्रको प्रतिलिपि १ प्रति र गत आ.व. २०८०/८१ को कर चुक्ताको प्रमाणपत्र १ प्रति

**न्यूनतम शर्तहरु:**
- सवारी साधन राम्रो कन्डिसनमा भएको हुनुपर्ने
- सवारी चालकको तलव भत्ता खाने बस्ने चिया खाजा खर्चको व्यवस्था सवारी धनिले स्वयम् गर्नु पर्ने
- सवारी साधनको मर्मत तथा सर्भिसिंग सवारी धनीले स्वयम् गर्नुपर्ने
- सवारी साधन २४ सै घण्टा कार्यालयको नियन्त्रण रहने
- कार्यालयको अनुमति विना सवारी अन्यत्र प्रयोग गर्न नपाइने
- प्रस्तावित रकममा १०% बहाल कर कट्टा गरिने
- सम्भावित दैविक प्रकोपबाट सवारी साधन क्षति भएमा सवारी धनी स्वयमले व्यहोर्नु पर्ने
- सवारी बिग्रिएर सेवा दिन असमर्थ भएमा वैकल्पिक सवारीको व्यवस्था सवारी धनी स्वयमले गर्नुपर्ने अन्यथा उक्त अवधिको दिन गन्तीको हिसावले रकम कट्टा गरिने
- कार्यालयको हितलाई ध्यानमा राखि पेश भएको शिलबन्दी दरभाउ पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयलाई हुने
- सवारी भाडामा दिदा पेश्की दिइने छैन
- उल्लेख नभएका शर्तहरु प्रचलित कानुन अनुसार हुने
- थप जानकारीको लागि कार्यालयको योजना शाखामा सम्पर्क गर्न सकिने

रोहित कुमार परसैला
(कार्यालय प्रमुख)

# छवि समातिएपछि रवि...

पक्राउ परेसँगै प्रहरीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति तथा सांसद लामिछानेलाई पनि पक्राउको तयारी गरेको खबरले आइतबार साँझ काठमाडौं र देश तरंगित भएको थियो ।

सूर्य थापा नेतृत्वको संसदीय छानबिन विशेष समितिले गरेको सिफारिसका आधारमा सरकारको निर्देशनपछि जोशीलाई अनुसन्धानका लागि पक्राउ गरिएको हो । सूर्यदर्शन ऋण तथा बचत सहकारी ठगीको कसुरमा पक्राउ परेका नेपाल प्रहरीका पूर्वप्रहरी नायब महानिरीक्षक जोशीलाई आइतबार नै पोखरा पठाइएको छ । जोशीलाई काठमाडौंमा पक्राउ गरेर पोखरा ल्याइएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख मोहनकुमार थापाले बताए । उनलाई सोमबार अदालतमा पेस गरिनेछ । जोशीलाई उपत्यका अपराध अनुसन्धान कार्यालयले कास्की जिल्ला प्रहरीको पत्रका आधारमा पक्राउ गरेको हो । सूर्यदर्शनलगायत सहकारीको बचत रकम अपचलनका सन्दर्भमा परेका जाहेरीमा पूरक अनुसन्धान गर्न संसदीय छानबिन विशेष समितिको सिफारिसका आधारमा गृह मन्त्रालयले प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिएको थियो ।

# विकासलाई केन्द्रमा राखेर काम गरिरहेका छौँः मन्त्री यादव



**मधेशदृष्टि**
**वीरगंज ।**
खानेपानी मन्त्री प्रदीप यादवले जनता र मुलुकको विकासलाई केन्द्रमा राखेर सरकारले पारदर्शी रुपमा काम गरिरहेको बताएका छन् । पर्साको पर्सागढी नगरपालिका वडा नम्बर ८ हरपुरमा आइतबार आयोजित बृहत कार्यकर्ता भेलालाई सम्बोधन गर्दै अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीका उपमहासचिव समेत रहनु भएका खानेपानी मन्त्री यादवले जसपाले मुलुकको समृद्धिका लागि सही नीति अवलम्बन गरेको दाबी गरे । उनले जसपा नेपालसँग अलग्गिएर जसपा गठन गर्नु पछाडिको कारण उपेन्द्र यादवको गलत नेतृत्व र हैकमवादी शैली भएको बताउदै उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले जनताको समस्या समाधान गर्न भन्दा व्यक्तिगत रुपमा पार्टीको राजनीतिलाई आफ्नो स्वार्थमा प्रयोग गरेको कारण पार्टी फुटेको बताए । उनले मधेशलाई अधिकार दिलाउने नाममा पटक–पटक उपेन्द्र यादव सत्तासँग सम्झौता गरेर आफू कुर्सीमा पुगेको बताए ।

पर्सा निर्वाचन क्षेत्र नम्बर १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य (सांसद) समेत रहेका यादवले स्थानीय स्तरमा देखिएका विकास निर्माणका चुनौतीहरू, विशेष गरी खानेपानी र सरसफाइका समस्याहरू समाधान गर्न निर्वाचित जनप्रतिनिधिहरूलाई आग्रह गरे ।

कार्यक्रममा जसपाका युवा नेता तबरेज अहमद, नवल किशोर साह, असलम आलम लगायतका नेताहरुले सम्बोधन गरेका थिए ।


## धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८१/०६/०७ गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले सिमरा शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा ताकेता गर्दा साथै मिति २०७९/०१/१३ गते नागरिक दैनिक पत्रिकामा तथा २०८०/०३/१५ को नेपाल समाचार पत्रमा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको सावा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्बन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा सहकारी ऐन २०७४, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : श्री फलदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड ।**
**रजिष्टर्ड ठेगाना : अमाव- १, बारा ।** **दर्ता नं:- ०९/०७२/७३**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : राजीव प्रसाद चौधरी (अध्यक्ष तथा जमानीकर्ता)**
बुवा :अमिरका प्रसाद चौधरी
बाजे : रामसुरत चौधरी
ना प्र नं. : ३३१००१/१०४७०
ठेगाना : कोल्हवी न.पा ११ बारा

**२) नाम : प्रितम लालदास (सचिव तथा जमानीकर्ता)**
बुवा : बिरेन्द्रलाल दास थारु
बाजे : जचु दास
ना.प्र.नं : ३३-०१-७१-०५०१९
ठेगाना : कोल्हवी न.पा- ११, बारा

**३) नाम : मिरा चौधरी (कोषाध्यक्ष तथा जमानिकर्ता)**
बाबु : टेकन हुईदार थारु
बाजे : पोसन हुईदार थारु
ना.प्र.नं: ३३३००१/८५
ठेगाना : कोल्हवी न.पा- ११, बारा

**४) नाम : चतुरधन चौधरी (सदस्य जमानिकर्ता)**
बाबु : मेजन चौधरी
बाजे : आसमन चौधरी
ना.प्र.नं : ३३१००१/५२९
ठेगाना : कोल्हवी न.पा -११, बारा

**५) नाम : आनन्द धामी (उपाध्यक्ष तथा जमानीकर्ता)**
बाबु : माया राम प्रसाद चौधरी
बाजे : छठु धामी
ना.प्र.नं : ३३१००१/७३८
ठेगाना : कोल्हवी न.पा ११ बारा

**६) नाम : विवेक चौधरी (संचालक सदस्य)**
बाबु : केदारनाथ प्रसाद चौधरी
बाजे : छठु राय
ना.प्र.नं: ३३१००१/३२४७७
ठेगाना : कोल्हवी न.पा- ११, बारा

**७) नाम : राजा राम चौधरी (संचालक सदस्य)**
बाबु : विरनाथ चौधरी, बाजे : बुधन चौधरी
ना.प्र.नं : ३३१००१/३९११५, ठेगाना : कोल्हवी न.पा -११, बारा

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**
१. श्री महावीर चौधरी थारुको नाति श्री पलट चौधरी थारुको छोरा बारा जिल्ला बारागढी गा.पा. ०२ विसुनपुर्वा बस्ने श्री रामदेव चौधरी थारुको नाममा मालपोत कार्यालय कलैयामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला विसुनपुर्वा गा.वि.स. वडा नं.१ को कित्ता नं. ३३२ र ३८३ को क्षेत्रफल ०-६-० र ०-२-० जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु:**
(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा Kumari Bank LTD पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.००१०००१४८६६०००००१मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै सिमरा शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमो बैंकको शाखा कार्यालय सिमरामा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश यर्न सकिने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) सुरक्षणमा रहेका धितोहरुको आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।
(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८३, Web: www.ncbl.coop


# सन्तानवती मिथिलानी जितीयाको पूर्वतयारी

**मधेशदृष्टि**
**महोत्तरी ।**
पितृपक्ष सुरु भयो कि मधेसको मिथिलाक्षेत्रमा जितिया पर्वको तयारी सुरु हुन्छ । महोत्तरीसहितका मधेसको मिथिला क्षेत्रका सन्तानवती आमाहरू अहिले जितियाको तयारीमा छन् । पितृपक्ष (सोह्रश्राद्ध)को अष्टमी तिथिका दिन गरिने यो व्रत यसपालि आउने मङ्गलबार परेको छ । असोज कृष्णपक्ष अर्थात् पितृपक्षको अष्टमी तिथिका दिन गरिने यो व्रत कमसेकम एक अहोरात्रको हुने चलन छ । अष्टमी तिथि टेकिएकै दिन गरिने यो व्रत भोलिपल्ट अष्टमी तिथि कटेर नवमी एक घडी कटाएरमात्र समापन गरिन्छ । यसअनुसार यसपालि आउने मङ्गलबार साँझ ६ः०० अष्टमी तिथि लाग्ने हुँदा सोही दिन सन्तानवती मिथिलानीले व्रत गर्ने निधो गरेका छन् । कमसेकम एक अहोरात्रको व्रत विधानले सोमबार मध्यरातअघि ओगटन (दर) खाएका मिथिलानीले बुधबार साँझ ५:४५ बजे नवमी तिथि लागेपछि व्रत समापन गर्नेछन् । यसपालिको व्रत अवधि झण्डै ४० घण्टाको हुने व्रतको तयारीमा रहेकी भङ्गाहा–४ रामनगरकी रसिया चौधरी थारू बताउनुहुन्छ । सन्तानको सौर्यवृद्धि र सद्गुणको कामनाका साथ गरिने यो पर्वका बर्तालु आमाले आफ्ना सन्तान परोपकारी र आपत्मा परेकाहरूलाई सघाउनसक्ने होउन् भन्ने इष्टदेवसँग पुकारा गर्छन् । असोज कृष्ण अष्टमीका दिन निराहार उपवास गरिने जितिया पर्वका लागि पितृपक्ष सुरु हुनासाथै सन्तानवती आमाहरू आफ्ना सन्तान सुयोग्य हुने कल्पना गर्छन् । जितिया व्रत छोराका लागि बस्ने केही वर्ष पहिलेको मिथिलाको चलन अब परिष्कृत हुँदै गएको छ । अब बर्तालु आमाले यो व्रत आफ्ना सन्तानका लागि गरिएको बताउन थालेपछि छोरीहरूले पनि सन्तान हुनुको गर्वानुभूति गर्न थालेका महिला नेतृ मञ्जु यादव बताउँछिन् । छोराका लागि व्रत भनिँदा छोरीहरूप्रति विभेद भएको कुरा मधेशमा महिला अधिकारकर्मीहरूले सघन रूपमा उठाएपछि अचेल सन्तानका लागि व्रत गरिएको भन्ने चलन चलेको सम्सीको गेढाभेटपुरकी अगुवा महिला रेखा झाको भनाइ छ । मधेशका मिथिला क्षेत्रका थारू बाहुल्य बस्तीमा यो पर्वको बढी चर्चा हुनेगर्छ । मिथिलाका सबै जाति समुदायमा पर्वको चलन भए पनि थारू बस्तीमा भने यो पर्वको विशेष चर्चा र तयारी देखिन्छ । थारू बस्तीमा जितियाका लागि घर रङरोगन र लिपपोत पितृपक्ष सुरु हुनासाथै गरिन थालिन्छ । झुरुमुट्ट घरैघर देखिने थारू बस्तीमा सबै जितीया केन्द्रित सरसफाइ र अन्य तयारीमा लागेपछि यहाँ यो पर्वको रौनक केही दिन पहिले नै देखिन्छ । देवदूत मानिने जितवाहनको आराधना गरिने यो पर्व निष्ठा र सन्तानप्रतिको समर्पणभावको प्रतीक मानिन्छ । व्रतको अभिष्ठ नै उपकारी सन्तान हुन् भन्ने हुँदा धन, वैभव र सुखसयलका कुरा यो पर्वमा आमाहरूले सोच्दैनन् । 'सबदिस स तोहर बेटाबेटी बड सज्ञान अई कहल सुन पाबी' (सबैतिरबाट तिम्रा सन्तान ज्ञानी छन् भनेको सुन्न पाऊँ) व्रतको तयारीमा रहेकी बर्दिबास–९ पशुपतिनगरकी शैल महतो भन्नुहुन्छ, "हमर बेटा÷बेटी ककरो धारबिगार नई करोक, भगवान् जितवाहन'क आशिर्वाद स हमर सन्तानसब सत्यपर चलवाला आ उपकारी बनौक' (मेरा छोराछोरीले कसैको बिगार नगरुन्, भगवान् जितवाहनको कृपाले मेरा सन्तान सत्यको पक्षमा हिँड्ने र उपकारी बनुन्) । पितृपक्षको अष्टमी तिथिको भोग रहने पूर्वरातमा 'ओगटन' (दर) खाएर अष्टमी तिथिमा व्रत गरिन्छ । अष्टमी सकिएर नवमी लागेपछि एक घडि कटाएर व्रत समापनको परम्परा छ । छोड्दो अष्टमीका दिन अहोरात्र व्रत बसिने यो पर्वको 'ओगटन' अष्टमी तिथि सुरु हुन एक घडि पूर्व नै खाइसक्नु पर्ने व्रत विधान रहेको बर्तालु बताउँछन् । यद्यपि व्रत सरल बनाउन नयाँ पिँढीका आमाहरूले व्रतको दिन सूर्योदय हुन एक घडी (साढे दुई घण्टा) अघि ओगटन खान सकिने बताउन थालेका छन् । यसरी व्रत लिनेका लागि पनि ३६ घण्टाको व्रत हुने देखिन्छ । जितिया पर्वको 'ओगटन'मा दही, चिउरा खाने चलन छ । यस चलनले अहिले मिथिलाका बस्ती–बस्तीमा जितियाकै लागि शुद्ध दूधको जोहोमा व्रतको तयारीमा रहेका आमाहरू लगेका छन् । यस पर्वमा निराहार व्रत सुरु गरिएपछि समापन नहोउञ्जेल थुक निल्नु, अञ्जानमै पनि कीरा, फट्याङ्ग्रा र झारपात मारिनु, चुँ ँडिनु नहुने धार्मिक मान्यताले गर्दा यो पर्व निकै कठिन विधिको मानिन्छ । मिथिलामा यो पर्व सबै आमाले निष्ठापूर्वक मनाउँछन् । 'सन्तानको दीर्घजीवन, सौर्यवृद्धि र कल्याणको कामना गर्दै आमाले गर्ने जितिया व्रतको प्रभावले नै शारीरिक तन्दुरुस्ती र सामाजिक इज्जत प्राप्त हुने जनविश्वास छ', मैथिल कर्मकाण्डका ज्ञाता बर्दिबास–२ का महेशकुमार झा भन्नुहुन्छ, 'समाजमा कुनै लुरे वा डरछेरुवा देखिए यसका लागि आमाले जितिया व्रत गरिनछन् भन्ने टिप्पणी जोसुकैले गर्छन् ।' मिथिलामा व्रतबारे गरिने यस्ता टिप्पणीले नै यसको महत्ता बुझ्न सकिने झाको थप भनाइ छ । पर्वका बर्तालुले दिवङ्गत मातृवंश (आमा, सासू, फूपू, दिदी, जेठानी÷देउरानी आदि)लाई तृप्त गर्न तर्पण दिन्छन् । दिवङ्गत मातृवंशलाई तर्पण दिँदै आफ्ना सन्तानसँगको नाता खुलाएर उसको कल्याण गर भन्ने कामना हुन्छ । पर्वमा सप्तमीका दिन (निराहार व्रतको एक दिन पहिले) एकाबिहानै पवित्र जलाशयमा नुहाएर सूर्य देवतालाई तोरीको तेल र पिनाको अघ्र्य देखाएर व्रत सङ्कल्प गरिन्छ । बर्तालु ुले त्यहीँ नै तीन पुस्ताभित्रका दिवङ्गत मातृवंश (दिवङ्गत आमा, बज्यै, सासू, जेठानी, बूढीसासू, नन्द–आमाजु, जेठानी, देउरानी आदि)लाई तर्पण दिने चलनले यस पर्वलाई 'षोडष मातृका श्राद्ध' पनि भन्ने गरिएको कर्मकाण्डी पुरोहितहरूको भनाइ छ । ती सबै दिवङ्गत आफन्तलाई तर्पण दिँदै 'तिमी आफ्ना पौत्र (नाति), प्रपौत्र (पनाति) र उनका सन्तानको कल्याण गर, उनीहरूलाई दीर्घजीवी बन्ने आशीर्वाद देऊ' भन्ने कामना गरिन्छ । व्रत अवधिमा बर्तालुले राजा जितवाहनको कथा सुनेर आफ्ना पुत्र उनीजस्तै परोपकारी र साहसी हउन् भन्ने कामना गर्छन् । अघि द्वापरयुगमा एकजना विधवा ब्राह्मणीको पुकारमा उनका पाँच मृत छोरालाई राजा जितवाहन (देवरुप)ले आफ्नो आर्जित तपशक्तिबाट बचाइदिएको पौराणिक कथाको आधारमा यो कठोर व्रत बस्ने परम्परा बसेको पाका मैथिल बताउँछन् । राजा जितवाहन र जितिया पर्वको चर्चा भविष्यपुराणमा उल्लेख छ । यसकारण यो पर्वको थालनी भविष्यपुराणकै रचनाकाल द्वापरयुगमा सु ुरु भएको मानिने गरिएको मिथिला क्षेत्रका प्रसिद्ध साहित्यकार डा राजेन्द्रप्रसाद विमल बताउँछन् ।



# ट्राफिक व्यवस्थापन चुस्त भएपछि दुर्घटना घट्दै

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
ट्रफिक व्यवस्थापना चुस्दै बन्दै गएपछि धनुषा जिल्लामा विगतको वर्ष भन्दा गत र चालु वर्षमा दुर्घटनाको अवस्थामा निकै कमि आएको छ । अत्याधिक वेगमा सवारी सधान चलाउने, कुनैपनि संकेतको लाईट नबाली जथाभावि रुपमा सवारी सधानहरुलाई मोडने जस्ता समस्याको कारणले गर्दा दुर्घटना हुने गरिएको अत्याधिक वेगमा सवारी साधन चलाउने र पछि अनियन्त्रीण भएपछि दुर्घटना हुने गरिएको ट्राफिक प्रहरीको भनाई छ । धनुषा जिल्लामा चालु आर्थिक वर्षको २ महिनामा सवारी दुर्घटनामा परेर ५ जनाको मृत्यु भएको छ । चालु आर्थिक वर्षको साउन महिनामा १ जना र भदौ महिनामा ४ जनाको सवारी दुर्घटनामा परेर मृत्यु भएको धनुषा ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । गत आर्थिक वर्षको यही अवधिमा १४ जनाको मृत्यु भएको ट्राफिक प्रहररीको तथ्यांकमा उल्लेख छ । धनुषा जिल्लाभरीमा यसअघि आर्थिक वर्ष २०७९÷०८०मा ८४ जना र आर्थिक वर्ष २०७८÷०७९मा १ सय ५ जनाको सवारी दुर्घटनामा परेर मृत्यु भएको ट्राफिक प्रहरी कार्यालय जनकपुरधामका प्रमुख हरिबहादुर वलीले जानकारी दिए । उनले ट्राफिक प्रहरीले सडकमा बढि चेकजाँच गर्यो, अनावश्यक दुःख दियो



भन्ने सर्वसाधारणहरुको बुझाई भएपनि चेकजाँचको कारणले समेत दुर्घटनामा कमि आएको देखिएको दाबी गरे । जनचेतनाका कार्यक्रमहरु प्रभावकारी साबित भएको र यसबाट दुर्घटनामा समेत कमि आएको जानकारी दिए । त्यसैगरि आर्थिक वर्ष २०८०।०८१मा २९हजार ६५ सवारी सधानलाई कारवाही गरिएको छ भने सो वापत २ करोड ,३४ लाख १५ हजार रुपैयाँ संकलन भएको जानकारी दिए । त्यसैगरि आर्थिक वर्ष २०७९।८०मा ३८ हजार ४ सय ४९ सवारी सधान कारवाही वापत २ करोड ६० लाख १ हजार,आर्थिक वर्ष २०७८।०८९मा २४ हजार ७सय ८८ सवारी सधानलाई कारवाही गरिएको वापत १ करोड ९७ लाख ५६ हजार रुपैया राजश्व संकलन भएको जानकारी दिए ।

# करिब डेढ करोडको सामान नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले बिल बिजक भन्दा १ करोड ४२ लाख बढीको मालबस्तुहरू लोड रहेको ट्रक नियन्त्रणमा लिई राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाएको छ । वीरगंज महानगरपालिका सिर्सिया चोकबाट गएराति ना. ५ ख १६७ नम्बरको मालबाहक ट्रकमा साथमा रहेको बिल बिजक भन्दा बढीका हार्डवेयर लगायतका मालबस्तुहरू भेटिएपछि ट्रक नियन्त्रणमा लिईएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम्







डिएसपी दिपक भारतीले बताए । वीरगंजबाट काठमाडौँ जादै गरेको अवस्थामा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले ट्रक नियन्त्रणमा लिएको थियो । नियन्त्रणमा लिएको ट्रकमा बिल बिजक भन्दा १ करोड ४२ लाख १ हजार ७ सय ९२ रुपैयाको सामानको मुल्यांकन गरी आइतबार थप अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको प्रवक्ता भारतीले बताए ।

सम्पादकीय

# साँच्चै घरदैलोको सरकारको महसुस गराऔँ

नागरिकको घरदैलोको सरकारको रुपमा स्थानीय तह रहेका छन् । नेपालको संविधानले पनि स्थानीय सरकारलाई संविधानको परिधिभित्र रही आफ्नो लागि आवश्यक कानून निर्माण गरी जनताको मन जित्ने ढङ्गले काम गर्न रोकेको छैन । प्रदेश र सङ्घीय सरकारको तुलनामा स्थानीय सरकारले कामको गतिलाई निकै बेगवान बनाएका छन् ।

देशका कतिपय स्थानीय सरकारले त सङ्घीय तथा प्रदेश सरकारको नेतृत्वलाई नै चुनौती दिने गरी काम गरेर देखाइरहेका छन् । केही स्थानीय सरकार आफूलाई सक्रिय राख्दै जनताको जित्ने पथमा लम्किरहँदा केही भने मनपरी तन्त्र र बेथिती विकासमा लागेको खबर बेला बेलामा आउने गरेको छ ।

स्थानीय सरकारले विशेषगरी विभिन्न क्षेत्रहरूमा सेवा प्रवाह र विकासको काममा आफूलाई अगाडी बढाई आफ्नो क्षेत्रका नागरिकको मन जित्नसक्छ । सडक, पुल, पार्क, खानेपानी, ढल व्यवस्थापन, भवन निर्माण, स्वास्थ्य चौकी, विद्यालय आदिको निर्माण र मर्मत सम्भारजस्ता पूर्वाधार विकासका काम गरी सहजता दिलाउने काममा स्थानीय सरकारले आफूलाई पक्कै पनि उभ्याइरहेका छन् । सरकारी विद्यालयहरूको व्यवस्थापन, शिक्षकहरूको नियुक्ति, शिक्षाको गुणस्तर सुधार, स्वास्थ्य कार्यक्रमहरू सञ्चालन गर्ने काम स्थानीय सरकारको हो । यो काममा उनीहरुले आफूलाई जनतासँग जोड्दै अघि बढ्न सक्छन् । किसानका सवालहरु कृषि प्रविधि, बीउ, मल तथा सिँचाइ व्यवस्था लगायतमा स्थानीय सरकारले प्रभावकारी काम गर्नसक्छन् ।

नागरिकलाई सेवा–सुविधा प्रदान गर्नका लागि आवश्यक आर्थिक वा स्रोतको व्यवस्थापन गर्न घरजग्गा कर, सवारी कर, व्यवसाय कर र अन्य स्थानीय कर सङ्कलनको कार्यमा स्थानीय सरकारले आफ्नो भूमिका निर्वाह गर्नसक्छ । वृद्धभत्ता, एकल महिला भत्ता, अपाङ्गता भत्ता जस्ता सामाजिक सुरक्षा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्दै ति सबै क्षेत्रका व्यक्तिलाई दैलोको सरकार हामी हौं है भन्ने विश्वास र ढाडस दिन पनि स्थानीय सरकारले सक्छन् ।

स्थानीय तहभित्र हरित क्षेत्रहरूको संरक्षण, फोहोर व्यवस्थापन, वातावरणीय चेतनाका विविध कार्यक्रमहरू सञ्चालन गर्न सक्छन् । स्थानीयस्तरमा शान्ति सुरक्षा कायम गर्न, साना विवादहरू समाधान गर्न र स्थानीय नियम कानूनहरू कार्यान्वयन गर्न उनीहरुको भूमिका महत्वपूर्ण हुन्छ । धर्म, संस्कृति, परम्परा र उत्सवहरूको संरक्षण र प्रोत्साहन गर्न स्थानीय सरकारहरुले उचित र प्रभावकारी कार्य अथवा अभियान गर्नसक्छन् । आफ्नै सरकार भन्ने प्रत्याभूति दिलाउन विशेष गरी स्वरोजगारसँग सम्बन्धित कार्यक्रमहरु स्थानीय सरकारले ल्याउनसक्छ । स्थानीय स्तरमा साना उद्यमहरूलाई प्रोत्साहन गर्न, नयाँ व्यवसाय स्थापना गर्न सहयोग पु¥याउन सकेको खण्डमा विभिन्न रोजगारीका अवसरहरू सिर्जना हुनसक्छन् । समुदायसँग नजिक भएर काम गर्न सक्ने सरकार नै स्थानीय सरकार भएकाले जन प्रतिनिधीहरुले आफ्नो भूमिका जनपक्षीय बनाउँदै आफ्ना कार्यहरुलाई प्रभावकारी र जनअपेक्षा बमोजिम ढाल्नसक्छन् ।

कतिपय स्थानीय सरकार विकृति, विसङ्गति र बेथितीको चाङ्गा रमाई रहेको हामीले सुन्ने गरेको छौँ । कतिपय स्थानीय सरकारका नेतृत्व नै लोभी, पापी र भ्रष्ट्र भएको हामी सुन्छौं । जनताको हितमा काम गर्ने भनेर जनमत लिने गरी आफ्नो स्वार्थ सिद्धि गर्ने कर्ममा रमाउन र कमाउन थालेपछि भने स्थानीय सरकार भन्नु पनि उही ड्याङ्को मुला त रहेछ भन्ने जनमानसमा पर्नेछ । यस्तो अवस्थामा ति स्थानीय सरकार जनताको लागि हो भन्ने सोच हराउँछ, भरोसा पनि टुट्नसक्छ । यसर्थ, नागरिकको विश्वास घात हुने कुनै काम नगरी, संविधानता प्राप्त अधिकारको सदुपयोग गरी स्थानीय सरकार भनेको त साँच्चै घरदैलोको सिंहदरबार भन्ने महसुस गराउँने कार्यमा सम्बन्धित सबै पक्षहरु लाग्नुपर्छ ।

# तीव्र रूपमा गायब हुँदै गएका नरेन्द्र मोदी



ओमैर अहमद

केही दिनपहिले अखबार पल्टाउँदा प्रधानमन्त्री नरेन्द्र मोदीको तस्वीर र उनको नाम समाचार शीर्षकहरूमा थिएनन् । सामान्य देशमा यो कुनै ठूलो कुरा होइन । देशमा प्रधानमन्त्रीको अनुहार र नामभन्दा अन्य धेरै महत्वपूर्ण कुरा भइराखेका हुन्छन् र सरकार प्रमुख सबै कुरामा संलग्न हुन सक्दैनन्, हुनु पनि पर्दैन ।

तर मोदी सरकारको विगत दुई कार्यकाल ख्याल गर्ने हो भने उनको तस्वीर या समाचार सधैँ अखबारका पहिलो पृष्ठमा हुन्थ्यो । असामान्य परिस्थितिबाहेक सबै अवस्थामा मोदीका ठूला तस्वीरसहितका विज्ञापन पत्रिकामा छापिएका हुन्थे । उनी सर्वव्यापी थिए भन्ने कुरा सम्झाउँथे ती विज्ञापनले ।

मोदीले अहिले नाममा मात्रै नभएर वास्तवमै संयुक्त–एनडीए सरकारको नेतृत्व गरेका छन् । र हामी अलि पहिलेकै ‘पाराडाइम’मा फर्कदैछौँ, जहाँ प्रधानमन्त्रीले केही काम गर्दा या भन्दा मात्रै सो विषय समाचार बन्थ्यो । दुर्भाग्यवश, अहिले मोदीका लागि भारत या विदेशमा विदेशी नेताहरूसँग खिचिएका मिलनसार तस्वीरको अपवादबाहेक धेरैजसो खराब समाचार हुने गरेका छन् ।

भारत ठूलो, महत्वपूर्ण देश र अर्थव्यवस्था हो, जसका कारण विदेशी नेताहरू यस देशलाई आफ्नो रणनीतिमा सामेल गर्न या आफूसँग सहकार्यका लागि प्रयास जारी राख्ने गर्छन् । घरेलु रूपमा भने कुरा बिलकुल फरक छ ।

आन्तरिक सुरक्षा, अर्थतन्त्र र रोजगारीदेखि लिएर, निकट भविष्यमा कुनै ठूलो प्रगतिको आशा छैन भारतमा । राज्य विधानसभाको चुनावअघिका बीजेपी स्वयंका चिन्ता÷आशंकामा पनि सो देखिन्छ । किनभने ‘विकास’ र ‘अच्छे दिन’को वाचा प्रगतिका आकांक्षाबाट कटु–विडम्बनाका शर्तमा परिणत भएको छ, जसका कारण भाजपा स्वयं पनि यी शब्द प्रयोग गर्नबाट हच्केको/रोकिएको छ ।

**सुरक्षा जिम्मेवारीबाट अलग प्रधानमन्त्री**

मोदी सरकारको सबैभन्दा प्रमुख असफलता मणिपुरमा जारी हिंसा र त्यसको विस्तार हो । १८ महिना लामो द्वन्द्वका क्रममा धेरै अत्याचारका घटना भएका छन् । यसले केवल यहाँको बिग्रिँदो स्थिति देखाउँछ । कुकी र मैतेईका ‘जातीय सीमाहरू’ पार गर्ने मानिसलाई हत्या गर्न मिल्छ भन्ने कुराले लोकतान्त्रिक गणतन्त्रले वाचा गरेका सबै कुराको भयानक असफलता दर्साउँछ । रसियन राष्ट्रपतिसँगको भेटमा मोदीले यो ‘युग युद्धको होइन’ भन्दै जति खोके पनि ड्रोन, रकेट प्रोपेल्ड ग्रेनेड र मध्यम तहका मेसिनगनको प्रयोग गरेर भारतीय मार्न भारतीय नै प्रयोग भइरहेको सत्य हो ।

समाधानको बाटोमा केही राम्रो त भएकै छैन तर ओठे चिन्तासमेत प्रकट हुन छाडेको छ । मोदी अहिले राज्यबाट पूर्ण रूपमा हराएका छन्, जसरी उनका भाषणबाट राज्य हराएको छ । उल्लेखनीय प्रदर्शनमा भारतका प्रधानमन्त्री भारतीय राज्यबाट अलग्गिएका छन् । साँच्चै नै प्रधानमन्त्री अभूतपूर्व रूपमा मणिपूर राज्यबाट गायब भएका छन् ।

अन्यत्रको द्वन्द्वको सवालमा पनि यही सत्य हो । ‘नोटबन्दी’ले कश्मीरको आतंकवाद अन्त्य गर्ने र नक्सल विद्रोहलाई कमजोर गर्ने भनिएको तपाईंलाई याद छ ? त्यसपछि ‘लाइन अफ कन्ट्रोल’का बमबारी, लाइन अफ कन्ट्रोलको छापा मिडियामा देखाउँदै अनुच्छेद ३७० को खारेजी र जम्मू कश्मीरको संघशासित प्रदेशमा घटुवा गर्ने काम भएको थियो ।

प्रधानमन्त्रीका प्रचारकहरू (जो आफूलाई पत्रकार भनेर चिनाइरहेका थिए) भन्दै थिए कि यी सबै मोदीका ‘मास्टरस्ट्रोक’ले सबै कुरा ठीक पार्नेवाला छ । तर कुनै पनि विषयमा उल्लेखनीय सुधार भएन । बरु सिखविरोधी द्वेषले मृत–खालिस्तान विद्रोहको कुरासमेत पुनर्जीवित गरिरहेको छ । एउटा कुरा ध्यान दिनुहोला, यी विषय मोदीका भाषणबाट अहिले हराएका छन् । मोदी जम्मू कश्मीरमा ‘स्थिति सामान्य भएको’बारे ठूला कुरा गर्न सक्लान् तर सावधानीपूर्वक लाइन अफ कन्ट्रोलमा बिग्रँदो स्थितिको उल्लेख गर्नबाट टाढा रहन्छन् । ‘चेसायर बिरालो’को मुस्कानझैँ समस्या बाँकी रहन्छ तर प्रधानमन्त्री बिस्तारै दृश्यबाट गायब हुँदै छन् । (चेशायर बिरालो लुइस क्यारोलको उपन्यास एलिस इन वन्डरल्यान्डमा देखा पर्ने प्रख्यात पात्र हो, जो ’हर्कतवाला’ मुस्कानका लागि परिचित छ ।)

**केबल ५ ट्रिलियन अर्थव्यवस्थाको गफ**

अर्थव्यवस्था र रोजगारीको हकमा पनि यही सत्य हो । सन् २०१४ मा सत्तामा आउँदा भाजपा र मोदीले लाखौँ रोजगारी सिर्जना गर्नेबारे धेरै वाचा गरेका थिए । यसको धेरैजसो हिस्सा पाँच ट्रिलियन डलरको अर्थव्यवस्था सिर्जना गर्ने कुरा नारामा परिणत भएको छ । सुन्नलाई सो अंक धेरै ठूलो सुनिन्छ तर यो वास्तवमा धेरै थोरै हो, जब १.४ अर्ब भारतीयमा सो रकम विभाजन गर्दा प्रतिवर्ष करिब तीन हजार ५७० डलर या दिनको १० भन्दा कम प्रतिव्यक्ति हुन आउँछ ।

त्यसको तुलनामा, एक व्यक्तिका लागि अमेरिकी गरिबीको सीमा–आय १५,००० डलर हो– हाम्रो औसत आयभन्दा चार गुणामाथि । अवश्य पनि दक्षिण एशियामा डलर साँच्चै महँगो छ तर भुटानको प्रतिव्यक्ति आय पहिले नै तीन हजार ५०० डलरभन्दा बढी छ । यो सुन्दर देश गत वर्ष मात्र ‘कम विकसित देश’को स्थितिबाट माथि उक्लियो ।

रोजगारीको कुरा गर्दा, हामीले अहिले ‘जागिरबारे नसोध्नुहोस्, जागिरबारे भन्नुहुन्न’ भन्ने दृष्टिकोण अँगालेजस्तो देखिन्छ, जसरी प्रधानमन्त्रीका भाषणबाट उनका वाचा हराइसकेका छन् । उनका वाचासँगै सरकारी तथ्य लुकाइएका, मेटाइए,समायोजन गरिए या अतिशयोक्तिपूर्ण बनाइए । भित्र के भएको भनेर कसैलाई थाहा छैन । तर, जब भारतीय रेलले ‘सुरक्षा’ श्रेणीमा डेढ लाखभन्दा बढी पद रिक्त रहेको कुरा बताउँछ, बाँकी कुरा छाडौँ– हामी राष्ट्रिय बजेटको अभाव देख्छौँ ।

अग्निपथ योजनाको पछाडिको हतासा जनशक्ति र पेन्सन लागतलाई कुनै न कुनै रूपमा घटाउन थियो र यो राज्यका कर्मचारीको पेन्सन योजना सुधार गर्ने सोच पनि हो । यी परिवर्तनमध्ये केही सम्भवतः आवश्यक थिए,तर राज्यले तलब वा पेन्सन तिर्न असमर्थ भएकोले ठूलो रणनीतिक महत्वका निर्णय गर्नु बुद्धिमानी नीति निर्माण होइन ।

शायद तथ्य यो हो कि पछिल्लो १० वर्षदेखि मोदी सरकारले ठूला कर्पोरेसनलाई बिनाअवरोध दौडन दिइराखेको छ, त्यतिसम्म कि कर्पोरेट कर सरकारको आम्दानी कर संकलनभन्दा कम छ । २ प्रतिशतभन्दा कम जनसंख्या आयकरका लागि उत्तरदायी छ । आयकर संकलनको वृद्धिले समाज राम्रो अवस्थामा छ नभन्ठानौँ, बरु २ प्रतिशत जनसंख्याचाहिँ महत्त्वपूर्ण रूपमा धनी छन् । यसबीच, धेरै बढाइचढाइ गरिएका आईटी क्षेत्रले गत वर्ष ७० हजारभन्दा बढी रोजगारी घटाएको छ ।

**असफल सरकारले ‘हेडलाइन’ कसरी बनाउँछ ?**

जम्मू कश्मीरमा चुनाव भइरहेको छ र आगामी ६ महिनाभित्र हरियाणा, महाराष्ट्र, झारखण्ड र शायद दिल्लीमा पनि चुनाव हुनेछ । यीमध्ये कुनैमा पनि भाजपाले राम्रो प्रदर्शन गर्ने सम्भावना धेरै थोरै छ । तर मोदी सबै चुनावमा पार्टीका अटल प्रचारकका रूपमा रहने छन् । त्यसैगरी समाचारका शीर्षकबाट पनि उनी हराउने सम्भावना कम कम छ ।

आफ्नो कार्यकालमा कुनै काम देखाउन नसकेका मोदीसँग वाचा गर्ने सवालमा झनै थोरै कुरा छन् । तर मुस्लिमविरुद्ध घृणा जगाउने आफ्ना भाषणमा उनी अडिग छन्, गत आम चुनावमा पनि उनले यस्तै गरेकै हुन् । उनले आफू ‘सामान्य मानव जातिमा नजन्मिएको’ बकबकसम्म पनि गरे तर गत चुनावले देखायो कि यस्ता भाषणले वास्तवमा मोदीको पक्षमा मत बढाएनन् ।

भनेजस्तो चुनावी परिणाम हात नपरे पनि मोदी समाचारमा भने रहनै पर्छ । त्यसै कारण प्रधानमन्त्रीलाई भारतीय प्रधान्यायाधीशको निवासमा गणेश चौथी मनाउँदै गरेको हास्यास्पद तमासा देख्यौँ हामीले । यो विषयलाई लिएर भएका आलोचनाले फेरि एक पटक मोदीले आफूलाई पीडितको रूपमा चित्रण गर्न पाए र आफ्ना विपक्षीलाई ‘हिन्दू विरोधी’का रूपमा चित्रण गर्न पाए । उनलाई फेरि एक पटक समाचारका हेडलाइनमा फर्कने मौका मिल्यो, जसको उनी साह्रै रहर गर्छन् ।

एनडीएले एकपछि अर्को ठक्कर खाँदै गर्दा ‘युटर्न’का युटर्न गर्ने मोदीलाई रिँगटा लागेझैँ हुँदो हो । तर मोदीका चर्चा र हेडलाइनका तृष्णा भने पक्कै बढ्नेछ र सार्वजनिक पदको उनको बाँकी कार्यकाल हामीले एउटा हताश बूढो मान्छे चिच्याइरहेको सुनिरहनेछौँ, ‘मलाई हेर ! मलाई हेर ! म अझै सान्दर्भिक छु ।’

(द वाइरडटआइएनमा छापिएको लेखको भावानुवाद । लेखक अहमद भारतीय पत्रकार र लेखक हुन् ।)

# ‘क्लिन चिट’ कि ‘चिट’को चिर्कटो



गोविन्द अधिकारी

**एकादेशको दन्त्य कथा**

एकादेशमा कुनै राजाको दरबारमा चार जना चोरलाई सजायका लागि ल्याइएछ । राजाले एउटै अपराधमा सँगै समातिएका भए पनि चारै जना चोरलाई फरकफरक सजाय दिएछन् । पहिलो चोरलाई उनले भनेछन् – हरे ! तिमी पनि यस्तोमा समातिएको ? यिनलाई छाडिदेऊ । अब अर्कोपटक यस्तो नगर !

यसरी छाडिएको चोर ग्लानिले भुतुक्क भएछ । घर पुग्नेबित्तिकै पासो लगाएर झुन्डिएर मरेछ ।

**‘क्लिन चिट’ कि ‘चिट’को चिर्कटो**

**एकादेशको दन्त्य कथा**

एकादेशमा कुनै राजाको दरबारमा चार जना चोरलाई सजायका लागि ल्याइएछ । राजाले एउटै अपराधमा सँगै समातिएका भए पनि चारै जना चोरलाई फरकफरक सजाय दिएछन् । पहिलो चोरलाई उनले भनेछन् – हरे ! तिमी पनि यस्तोमा समातिएको ? यिनलाई छाडिदेऊ । अब अर्कोपटक यस्तो नगर !

यसरी छाडिएको चोर ग्लानिले भुतुक्क भएछ । घर पुग्नेबित्तिकै पासो लगाएर झुन्डिएर मरेछ ।

दोस्रो चोरलाई सजाय सुनाउने पालो आयो । राजाले त्यसलाई हप्कीदप्की गरेर छाडिदिएछन् ।

ऊ लाजले भुतुक्क हुँदै घर पुगेछ । घरमा पुग्नेबित्तिकै पत्नीलाई भनेछ – ल जे जे बोकेर लान सकिन्छ पोको पारिहाल् । यो मुलुकमा नबसौँ ।

परिवार लिएर दोस्रो चोर अर्कै मुलुकमा बसाइँ सरेछ ।

तेस्रो चोरलाई राजाले कोर्रा लगाएर छाड्ने दिएछन् ।

ऊ पनि घर पुग्यो । अनि पत्नीलाई भनेछ – यो सहरमा नबसौँ । अब छरछिमेकीले हेप्छन् ।

चौथो चोरलाई राजालाई कडा सजाय दिए । भने– ल यसलाई चारपाटा मुडी मोसो दलेर गधामा उल्टो बसाएर नगर घुमाउनू ।

मुडिएर मोसो दलिएको चोर हाँसीहाँसी गधामा बस्यो । जिस्क्याउन आउने केटाकेटीलाई हप्काउँदै वरपर देखिएका चिनारुलाई सन्चोबिसन्चो सोध्दै केही नभए झैँ । घर नजिक आइपुग्नेबित्तिकै पत्नीलाई बोलाएर भनेछ – यिनले अब एकछिन घुमाएर छाड्लान् । म छिटै आइपुग्छु । नुहाउने पानी ठिक पार्नू । अघोर भोक लागेको छ । छिटै मीठो भाततिहुन पकाएर राख्नू ।

यो दन्त्यकथा धेरै संस्कृतिमा प्रचलित छ रे । यसका दुईतिन संस्करण त मैले नै पढेको छु । पाठ र सजाय फरक भए पनि सार एउटै छ – सजाय र व्यक्तिको तादात्म्य ।

अहिले पनि चारै प्रकारका मान्छेहरू भेटिन्छन् ।

**केजरीवालको राजीनामा**

भारतको राजधानी दिल्ली राज्यका (त्यहाँ प्रदेशहरूलाई राज्य पनि भनिन्छ) मुख्यमन्त्री अरविन्द केजरीवालले हालै राजीनामा दिएका छन् । उनलाई दिल्ली सरकारको मदिरा महसुलमा भ्रष्टाचार गरेको आरोप लगाइएको थियो । उनलाई पक्रेर जेलमा राखियो । सुरुमा जमानत पनि दिइएन । त्यतिन्जेल उनले मुख्यमन्त्री पदबाट राजीनामा पनि दिएनन् ।

सर्वोच्च अदालतले उनलाई धरौटीमा छाड्ने निर्णय गरेपछि भने केजरीवालले मुख्यमन्त्री पलबाट राजीनामा दिने घोषणा गरे । उनका अनुसार न्यायालयले त उनलाई इमानदार ठानेर न्याय दियो तर जनताले इमानदार ठानेपछि मात्र उनी मुख्यमन्त्री पदमा फर्कनेछन् ।

विडम्बना, भ्रष्टाचार विरोधी आन्दोलनको नेतृत्व गरेर राजनीतिमा स्थापित अरविन्द केजरीवाललाई भारतीय जनता पार्टीको सरकारले भ्रष्टाचारकै आरोप लगाएर थुन्यो । त्यसको उत्तर भने केजरीवालले पद त्याग गरेर दिए । सन् २०१३ देखि केजरीवालको आम आदमी पार्टी दिल्लीमा सत्तामा छ । सुशासनमा जोड दिएकाले केजरीवालको सरकारले दिल्लीको सामाजिक सेवाको स्तर र विस्तारमा उल्लेखनीय सुधार गरेको मानिन्छ ।

दिल्लीमा अर्को वर्ष सन् २०२५ मा चुनाव हुन्छ । केजरीवालले दिल्लीमा पनि महाराष्ट्रसँगै यही वर्षको नभेम्बरमा निर्वाचन होस् भन्ने माग गरेका छन् ।

भारतीय जनता पार्टीका नेता तथा गृहमन्त्री अमीत शाहका अनुसार केजरीवालले ‘स्टन्ट’ गरेका हुन् । वाह! स्टन्ट होस् त यस्तो पो ! पदै छाड्ने !

**यता नेपालमा**

**‘क्लिन चिट’ कि ‘चिट’को चिर्कटो**

सहकारी संस्थामा जम्मा भएको बचत रकममा केही टाठाबाठा कुलङ्गारहरूले आँखा लगाए । हाटहुट पारेर सहकारीबाट पैसा निकाले । ठगहरू बचत रकम ठगेर भागे ।

बचतकर्ताले आफ्नो पैसा खोज्न थाले । आन्दोलनै भयो । यसरी पैसा हिनामिना गरेमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेका साझेदार, मालिक जीबी राई पनि परेछन् । त्यसले थप खोजतलास हुनथाल्यो । सहकारीमा राखिएको जनताको बचत हिनामिना गर्नेमा लामिछानेको पनि संलग्नता भएको प्रमाणहरू देखिन थाले ।

यसैबीच रवि लामिछाने सरकारमा पुगे । गृहमन्त्री भए । अनि उनका विरुद्ध छानबिन गर्न संसदीय समिति गठन गर्ने माग राखेर उतिबेलाको प्रतिपक्ष नेपाली कांग्रेसले लामो समयसम्म संसद् अवरुद्ध गरेपछि रवि लामिछानेको नाम सोझै नलेख्ने सर्तमा सहमति भयो । संसदीय समितिले हालै सहकारी संस्था बचत रकम दुरुपयोगसम्बन्धी विशेष छानबिन प्रतिवेदन, २०८१ संसद्मा बुझायो । संसद्ले प्रतिवेदन सार्वजनिक गरेको छ भने सरकारले कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

अहिलेसम्म सरकारले ‘कार्यान्वयन गर्ने’ निर्णयबाहेक अरू केही गरेको थाहा भएको छैन ।

संसदीय समितिको प्रतिवेदन त स्पष्टै छ तर त्यसको अर्थ भने सुफी कविका कविताको भन्दा पनि धेरै लगाउन थालिएको छ । मानौ यो कुनै अधियथार्थवादी अमूर्त चित्र हो र हेर्नेहरूको प्रायः टिप्पणी हुन्छ – खै बुझिँदैन ! (शङ्कर लामिछानेको एउटा निबन्धको शीर्षक ।)

सत्ता पक्षका सांसदहरू रवि लामिछानेले ‘क्लिन चिट’ पाएका हैनन् ‘चिट’ साबित भएका हुन् भन्दैछन् । प्रतिवेदनमा भने लामिछानेले सहकारीबाट आफैँले पैसा लिएको देखिएन लेखिएको छ । पत्याउन त प्रतिवेदनलाई नै प¥यो । कि कसो?

प्रतिवेदनमा के पनि स्पष्ट लेखिएको छ भने अनुचितरूपमा सहकारी ठगेर पैसा भित्र्याइएको संस्थामा लामिछाने प्रमुख कार्यकारी अधिकृतका साथै साझेदार पनि थिए । उनलाई अवैध रकम खेलाएकोमा कारबाही हुनुपर्छ । ती गरिब बचतकर्ताको कमाइ रविले पनि खाएका त रहेछन् । कानुनले उनलाई दोषी ठहर गर्न समय लाग्दा वा सत्ता समीकरण बदलियो भने कारबाहीबाट उन्मुक्ति पाउन पनि के बेर ? तर, नैतिकरूपमा त रवि लामिछाने दोषी नै देखिन्छन् । पापको पैसो पेटमा जो परेको छ ।

रवि लामिछानेले नैतिकताको ख्याल पनि गर्लान् जस्तो भने लागदैन । कारबाही के र कसरी हुन्छ अनुमान गर्नुको अर्थ छैन ।

अरविन्द केजरवालको राजीनामा र रवि लामिछाने अनि उनका साथीहरूको ‘क्लिन चिट’को दाबी सुन्दा तपाईँलाई पनि राजा र चोरहरूको कथाको सम्झना भयो ?

**बाह्रखरी**

# आदिवासी ज्ञानले बाढीसम्बन्धी पूर्वसूचना दिन सकिन्छः पर्यटनमन्त्री पाण्डे

**काठमाडौँ ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले जलवायु परिवर्तनका कारण बाढी, डढेलो, खडेरी तथा समुन्द्र सतह वृद्धिजस्ता प्राकृतिक प्रकोप बढिरहेका बेला भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदाले तिनको सामना गर्न शक्ति, एकता र सहनशीलता प्रदान गर्ने गरेको बताएका छन् ।



त्रिभुवन विश्वविद्यालयको संस्कृति विभाग, युनेस्को, एशिया प्रशान्त क्षेत्रको उच्च शिक्षा सञ्जाललगायतका संस्थाले आइतबार राजधानीमा संयुक्त रुपमा आयोजना गरेको प्रकोप र जलवायु परिवर्तनको सन्दर्भमा 'समुदायको सहनशीलता निर्माणमा अमूर्त सांस्कृतिक सम्पदा'को भूमिका विषयक अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन मन्तव्यका क्रममा उनले परम्परागत ज्ञानलाई आधुनिक विज्ञानसँग एकीकृत गरेर पूर्वतयारी, न्यूनीकरण र अनुकूलनका रणनीति विकास गर्न सकिने बताए । उनले बाढीको अवस्थाबारे आदिवासी ज्ञानलाई भू–उपग्रह प्रविधिसँग जोडेर 'सटिक' रुपमा पूर्वसूचना प्रदान गर्न सकिने बताए ।

मन्त्री पाण्डेले अहिलेको विश्व गम्भीर रूपान्तरणको अवस्थामा रहेको र जलवायु परिवर्तन अब कुनै टाढाको खतरा नभई वर्तमान अवस्थाको वास्तविकता भएको उल्लेख गर्दै यसबाट समाजले बारम्बार बाढी, डढेलो, खडेरी र समुन्द्र सतह वृद्धिजस्ता प्रकोप झेल्नु परिरहेको र संवेदनशील क्षेत्रका समुदाय यी जोखिमको अग्रभागमा रहेको बताए ।

मन्त्री पाण्डेले भने, 'यसले हामीलाई संसारलाई कसरी हेरिरहेका छौँ, प्रकृतिसँग कसरी अन्तरक्रिया गरिरेका छौँ र सङ्कटमा हामी कसरी प्रतिक्रिया दिन्छौँ भन्ने कुरा निर्धारण गर्ने छ, प्रकोप र जलवायु परिवर्तनका सन्दर्भमा यी सम्पदा हाम्रा लागि अझ बढी मूल्यवान् छन् ।'

उनले संसारभरका मानिसले आफ्नो वातावरणमा अनुकूलन गर्नका लागि शताब्दीयौँदेखि जटिल ज्ञान र अभ्यासका प्रणाली विकास गरेको उल्लेख गर्दै कृषि कर्मका बेला गरिने पूजापाठ वा अनुष्ठान तथा प्रकृतिको चक्रसँग तालमेल गरी बाली लगाउने परम्परा यसको उदाहरण रहेको बताए । सांस्कृतिक सम्पदामा यस्ता प्रकोपसँग कसरी अनुकूलन गर्न सकिन्छ भन्ने ज्ञानको भण्डार रहेको र यस्ता ज्ञानले सङ्कटका समयमा जीवित रहन महत्वपूर्ण भूमिका खेल्न उल्लेख गर्दै मन्त्री पाण्डेले जलवायु परिवर्तनका असरहरुको सामना गर्न यी अभ्यास आवश्यक रहेको कुरामा जोड दिए ।

मन्त्री पाण्डेले जापानमा प्राकृतिक प्रकोपपछि परम्परागत काठका संरचनाको वार्षिक पुनर्निर्माण गर्ने परम्पराको उदाहरण प्रस्तुत गर्दै यी कुरा केवल संरक्षणको विषय मात्र नभएर समुदायको एकजुट हुन र एकअर्कासँग तथा आफ्नो वातावरणसँगको सम्बन्धलाई पुनःपुष्टि गर्ने तरिका भएको बताए । यस्तै अफ्रिकामा, परम्परागत सङ्गीत र कथावाचनले प्रकोपका बेला हुने आघात तथा क्षतिको सामना गर्नमा महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै पूर्वीय सभ्यतामा कथा भन्नु इतिहास र ज्ञानको हस्तान्तरणको एक हिस्सा भएको उल्लेख गरे । रासस

# मन्त्री भण्डारी र भूटानीमन्त्री छिरिङबीच भेट



**काठमाडौँ ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसँग भूटानका ऊर्जा तथा प्राकृतिक स्रोतमन्त्री ल्योन्पो जेम छिरिङले शिष्टाचार भेट गरेका छन् ।

'इन्टरनेसनल सेन्टर फर इन्टिग्रेटेड माउन्टेन डेभलपमेन्ट'ले यही सातादेखि काठमाडौँमा आयोजना गर्न लागेको दोस्रो हिन्दूकुश हिमालय मन्त्रिस्तरीय पर्वतीय शिखर सम्मेलनमा भाग लिन आएका मन्त्री छिरिङ र मन्त्री भण्डारीबीच आइतबार सिंहदरबारस्थित मन्त्रालयमा भेटवार्ता भएको हो । भेघाटमा मन्त्री भण्डारीले नेपाल र भूटानबीच गहिरो सामाजिक–सांस्कृतिक सम्बन्ध रहेको तथा जनस्तरमा समेत सुमधुर सम्बन्ध रहेको बताए ।

उनले भने,'भूपरिवेष्ठित भूबनावट,हिमाली भूगोल,विकासका चुनौती र जलवायु परिवर्तनको सामना लगायतका विषय हाम्रा साझा मुद्दा हुन् ।' भूटान अति कम विकसित राष्ट्रबाट स्तरोन्नति भएकामा मन्त्री भण्डारीले भूटानी मन्त्री छिरिङलाई बधाई ज्ञापन गर्नुभयो । 'भुटानको स्तरोन्नतिको यात्राले अन्य अतिकम विकसित राष्ट्रहरुका लागि विशेष गरी नेपालजस्ता भूपरिवेष्ठित राष्ट्रका लागि महत्वपूर्ण अनुभव हुन सक्छ, द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउन द्विपक्षीय संसदीय समूहले महत्वपूर्ण भूमिका खेल्न सक्छ, नेपालको सङ्घीय संसद्ले नेपाल–भूटान संसदीय मैत्री समूह गठन गरेको जानकारी गराउन पाउँदा मलाई खुसी लागेको छ', मन्त्री भण्डारीले भन्नुभयो ।

नेपाल र भूटानले दुई देशबीचको व्यापारको पूर्ण सम्भावनालाई साकार पार्न प्राथमिकतामा आधारित व्यापार वार्ता सम्झौता गरिरहेको उनले बताए । मन्त्री भण्डारीले भने,'नेपाल र भूटान दुवै संयुक्त राष्ट्रसङ्घ, असंलग्न आन्दोलन (नाम) र क्षेत्रीय सहयोगका लागि दक्षिण एसियाली सङ्गठन (सार्क) लगायत विभिन्न अन्तर्राष्ट्रिय संस्थाका सदस्य रहेर र यी संस्थामा हाम्रा साझा विषयहरुमा पहल गरिरहेका छौँ ।'

नेपालको सामाजिक तथा आर्थिक विकासका लागि जलविद्युत् विकास, वातावरण संरक्षण, अर्गानिक कृषि प्रविधि, उद्योगको क्षेत्रमा भूटानी अनुभव, ज्ञान, सीप र प्रविधिबाट नेपालले लाभान्वित हुन चाहेको मन्त्री भण्डारीको भनाइ थियो । विकसित हुँदै गइरहेको व्यापार सम्बन्धले दुवै देशले आ–आफ्नो अर्थतन्त्रमा सकारात्मक योगदान गर्दै आर्थिक आदानप्रदानबाट प्राप्त हुने पारस्परिक लाभ लिन सकिने उनको भनाइ थियो । उनले नेपालले भूटानको सफल जलविद्युत् विकासबाट महत्वपूर्ण पाठ सिक्न सक्ने बताए ।

भूटानका मन्त्री छिरिङले नेपाल र भुटानको पर्यटन क्षेत्रमा दुवै देशबीच सहकार्य आवश्यक रहेको औँल्याए । उनले धार्मिक रुपमा भुटानी नागरिकलाई स्वयम्भू र लुम्बिनी भ्रमणमा नेपाल सरकारले सहजता प्रदान गर्नुपर्नेमा जोड दिए । साथै मन्त्री छिरिङले दुई देशबीच विद्युतको क्षेत्रमा पनि सहकार्य आवश्यक रहेको बताए । रासस

# कोशी प्रदेशसभाः बजेट पारित २२ महिनापछि समितिका सभापतिहरु चयन

**विराटनगर ।**
कोशी प्रदेशसभाको पाँचौँ अधिवेशन अन्त्य भएको छ । कोशी प्रदेशका प्रमुख पर्शुराम खापुङको कार्यालयबाट नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम अधिवेशन अन्त्यको पत्र सभामुख अम्बरबहादुर विष्टले सदनमा पढेर सुनाएसँगै अधिवेशन समापन भएको थियो ।



त्यस अवसरमा सभामुख विष्टले कोशी प्रदेशसभाले यसपटक समयमै बजेट पारितगरी समितिका विषयगत सभापतिसमेत चयन गर्न महत्वपूर्ण सफलता हासिल गरेको बताउँदै सभालाई मर्यादित रुपमा सञ्चालन गर्न सत्तापक्ष र विपक्षसमेत सबैले गरेको सहयोगप्रति आभार प्रकट गरेका थिए ।

गत वैशाख ३१ गते सुरु भएर झण्डै चार महिना चलेको सो अधिवेशनमा २० पटक बैठक बसेको थियो । कोशी प्रदेशसभा सचिवालयका अनुसार यस अवधिमा बैठक ४७ घण्टा ५८ मिनेट ४३ सेकेन्ड चलेको थियो । सचिवालयका अनुसार पाँचौँ अधिवेशनको अन्तिमसम्ममा शून्य समय ८४ पटक र वार्षिक नीति तथा कार्यक्रम, विधेयक तथा मुख्यमन्त्रीको विश्वासको मतसम्ममा एक सय ४३ पटक प्रदेशसभा सदस्यले आ–आफ्नो मन्तव्य राखेका थिए ।

यस अधिवेशनमा आर्थिक विधेयकबाहेक अरु तीन विधेयक पारित भए । केही प्रदेश ऐनको साविकको व्यवस्था जगाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश निजामती सेवा ऐनलाई संशोधन गर्न बनेको विधेकय, २०७९ (२०८१) तथा प्रदेश कृषि व्यवसाय प्रवद्र्धन अनुदान ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक २०८१ पारित भएका छन् ।

प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयकमा चार संशोधन प्रस्ताव दर्ता भएकामा अधिकांश संशोधन सरकारले स्वीकार गरेकाले संशोधनकर्ता प्रदेशसभा सदस्यहरुले संशोधन फिर्ता लिएपछि उक्त विधेयक सर्वसम्मतले पारित भएको थियो । यस्तै प्रदेश कृषि व्यवसाय प्रवद्र्धन अनुदान ऐनलाई संशोधन गर्न बनेको २०७७ (विधेयक २०८१) मा कुनै संशोधन सर्वसम्मतिले पारित भएको छ ।

यही सभामा कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विश्वासको मत प्राप्त गरेका छन् । दुई तिहाइ मतसहित उनले विश्वासको मत प्राप्त गरेका हुन् । कोशी प्रदेशमा ९३ प्रदेशसभा सदस्य छन् । नेकपा (एमाले)का ४०, नेपाली कांग्रेसका २९, नेकपा (माओवादी केन्द्र)का १३, राप्रपाका छ, नेकपा (एकीकृत समाजवादी)का चार र जसपाका एक प्रदेशसभा सदस्य छन् । कोशी प्रदेशमा नेपाली कांग्रेसको समर्थन र सहभागितामा एमालेको सरकार छ ।

मत विभाजनको प्रक्रियामार्फत भएको मतदानमा पक्षमा ६६ मत प्राप्त भएको थियो भने विपक्षमा १५ मत प्राप्त भएको छ । एकीकृत समाजवादीका दुई सदस्यले मतदानमा भाग लिएनन् । मतदानका क्रममा प्रदेशसभाका ८३ सदस्य उपस्थित रहेका थिए । यसअघि मुख्यमन्त्री कार्कीले वैशाख ३१ गते विश्वासको मत लिनुभएको थियो । गत भदौ १४ गते माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि पुनःविश्वासको मत लिनुपरेको हो ।

यही अधिवेशनमा प्रदेशसभाको दोस्रो कार्यकालको २२ महिनासम्म विषयगत समितिका सभापति छनोट हुन सकेका थिएनन् । पछिल्लो समयमा केन्द्रीय राजनीतिमा आएको परिवर्तन पछि कोशी प्रदेशमा नेपाली कांग्रेस र नेकपा एमालेको समीकरण बनेपछि कोशी प्रदेशमा सातवटै समितिमा सर्वसम्मतले सभापतिहरु चयन भएका छन् । त्यसमा एमालेका तीन, नेपाली कांग्रेसका तीन र माओवादी केन्द्रका एक जना निर्विरोध निर्वाचित भएर कोशी प्रदेशसभामा सहमति, सहकार्य र एकता देखिन पुगेको छ ।

कोशी प्रदेशसभामा आर्थिक वर्ष २०८१÷८२ का लागि सरकारले ल्याएको सिद्धान्त र प्राथमिकता तथा त्यसमा आधारित नीति र कार्यक्रमअनुसार सरकारले करिब रु ३५ अर्बको वार्षिक बजेट प्रस्तुत गरेको थियो । बजेटमा आएका प्रतिक्रिया र सुझावलाई मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सकारात्मक रुपमा लिने र यसलाई विधि एवम् प्रक्रियाबाट परिस्कृत गर्ने घोषणा गर्नुभएपछि बजेट पनि सर्वसम्मतले पारित भएको थियो ।

अधिवेशन समापनका अवसरमा नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक गोपाल तामाङले अब सरकारले कुरा गर्ने होइन काम गरेर देखाउनुपर्ने सुझाव दिँदै नेपाल निर्माण गर्न एमाले र नेपाली कांग्रेसको नयाँ समीकरण बनेको जानकारी दिए । एमालेका प्रमुख सचेतक रेवतीरमण भण्डारीले अहिलेको सरकारले जनतालाई दिने सेवाप्रवाहलाई अझ व्यवस्थित गर्ने भन्दै सरकार बनेको थोरै समयमा प्रदेशबाट अस्थायी सवारी चालक अनुमतिपत्र दिने काम सुरु गर्नु र प्रदेशमा देखिएका बेरुजु खर्च घटाउनु सराहनीय रहेको बताए । माओवादी केन्द्र संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले प्रदेशसभा राजनीतिक अस्थिरताको छायाँ बन्न नहुने बताउँदै प्रदेशसभा स्वतन्त्र रुपमा चल्नुपर्ने जिकिर गरे । एकीकृत समाजवादी संसदीय दलका नेता राजेन्द्रकुमार राईले सरकारले आन्दोलन र निर्वाचनताका जनतासँग गरेको कबुल पूरा गर्न सुझाव दिँदै सरकारले समयको सङ्केत बुझेर काम गर्न आग्रह गरे ।

राप्रपा संसदीय दलका तर्फबाट निमसरी राजवंशीले सरकारको राम्रो कामको समर्थन र खराब कामको खबरदारी गर्ने जनाउँदै सरकारले चाडपर्वको समयमा सीमाक्षेत्रमा हुने तस्करी, लागू र दुव्र्यसनीलाई नियन्त्रण गर्न आवश्यक कदम चाल्नुपर्ने माग गरे । जनता समाजवादी पार्टी संसदीय दलका नेता निर्मला तावा लिम्बूले आफ्नो पार्टीले सरकारलाई सहयोग गर्ने वातावरण हुँदाहुँदै पनि सरकारले आफूहरुसँग विश्वासको मतका लागि आग्रह नगरेकामा दुःख व्यक्त गरे ।

विगतमा विशेष समय र शून्य सममयमा उठेका प्रश्नहरुको जवाफ दिँदै आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले प्रदेशमा देखिएका समस्यालाई समाधान गर्न सरकार गम्भीर रहेको बताए । उनले सङ्घमा कतिपय कानुन निर्माण नभएकाले प्रदेश सरकार अप्ठ्यारोमा परिरहेको गुनासो गरे । मुख्यमन्त्री कार्कीले रासससँग कुरा गर्दै हालसम्म प्रदेशसभाले ७० कानुन बनाइसकेको जानकारी दिँदै आगामी हिउँदे अधिवेशनलाई विधेयक अधिवेशनका रुपमा अघि सार्दै एक दर्जन कानुन बनाउने गरी तयारी थालेको जानकारी दिए । रासस

# सामाजिक सङ्घसंस्थाका कामकारबाही पारदर्शी बनाउनुपर्छः मन्त्री सुडी

**पाटन ।**
महिला,बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले सामाजिक सङ्घसंस्थाका कामकारबाही प्रष्ट र पारदर्शी बनाउनुपर्छ भन्नेमा जोड दिएका छन् । 'सुशासन र समृद्ध नेपाल, राष्ट्रिय सोचाइ, दिगो सामाजिक विकास, सङ्घसंस्थाको रोजाइ' भन्ने नाराका साथ समाज कल्याण परिषद्द्वारा आइतबार पाटनमा आयोजित ४५ औँ सामाजिक सेवा दिवस समारोहमा उहाँले सामाजिक सङ्घसंस्था समाजप्रति उत्तरदायी हुनेहुँदा प्रभावकारी र पारदर्शी हुनुपर्ने बताए ।




'समाजसेवीप्रति समाजको मर्यादा र प्रतिष्ठा विकसित हुन सकोस्, पछि परेका वर्गको हित, पछि परेको समुदायको कल्याणमा समाजसेवीको ध्यान जान सकोस्, तनमन लगाएर समाजमा पछाडि परेकाहरुको उत्थानमा सबै दत्तचित्त भएर सेवा गर्न सकौँ', उनले भने ।

उनले समाजकल्याण परिषद्बाट हुने अनुगमन र मूल्याङ्कनलाई अझ वैज्ञानिक र प्रभावकारी बनाइनुपर्नेमा जोड दिए । 'समाजकल्याण ऐनलाई समयसापेक्ष परिमार्जन र संशोधन गर्दै एकद्वार नीतिअनुसार अगाडि बढाउन सरकार लाग्नेछ',उनले भने ।

परिषद् उपाध्यक्ष नन्दलाल माझीले गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र सरकार मिलेर काम गर्नुपर्ने बताए । परिषद्का सदस्य सचिव मनोज भट्टले आर्थिक वर्ष २०८०÷८१ मा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग ४४ वटा परियोजनासँग सम्झौता भई २१ अर्ब ५८ करोड १८ लाख ५३ हजार छ सय ६३ रुपैयाँको प्रगति हासिल भएको जानकारी गराए । सो आवमा १२ करोड ७१ लाख रुपैयाँ आम्दानी अपेक्षा गरिएकामा १७ करोड चार लाख रुपैयाँ आम्दानी भएको उनले जानकारी गराए । लोकतान्त्रिक गैरसरकारी संस्था महासङ्घमा अध्यक्ष रमेश धमलाले समाजकल्याण परिषद् एउटा सानो कोठाभित्र मात्रै सीमित हुन नहुने बताए । रासस

# मन्त्री खड्काद्वारा सुनसरी–मोरङ सिँचाइ आयोजनालाई निर्देशन

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सुनसरी–मोरङ सिँचाइ आयोजनामा देखिएका समस्या समयमा समाधान गर्न सरोकार भएका निकायलाई निर्देशन दिएका छन् ।



सुनसरीको बराहक्षेत्र नगरपालिका–१ मा स्थित सिँचाइ आयोजनाको इन्टेकको आइतबार निरीक्षण गर्दै मन्त्री खड्काले आयोजना सञ्चालनका क्रममा देखिएका समस्या तत्काल समाधान गर्दै किसानका खेतबारीमा सिँचाइ पुऱ्याउन निर्देशन दिएका हुन् । 'कृषिप्रधान देशमा सिँचाइको अभाव हुनुहुँदैन, बिग्रेका उपकरण यथाशीघ्र मर्मतसम्भार गरेर किसानको खेतबारीमा सिँचाइ पुऱ्याउनुहोस्', उनले भने ।

मन्त्री खड्काले आइतबारै कोशी नदीबाट सुनसरी र मोरङ जिल्लामा सिँचाइ लैजान प्रयोग गरिएको 'डेज्रिङ पद्धती'को अनुगमन गरेका थिए । यो उपकरणको लम्बाइ नौ सय ९६० मिटर, चौडाइ ८० मिटर र गहिराइ १० मिटर रहेको छ । सो उपकरणले इन्टेकबाट मूल नहरमा छिरेको बालुवा तथा ग्रेगानलाई झिक्ने काम गर्ने सिँचाइ आयोजना कार्यालयले जनाएको छ । विसं २०५२ मा निर्माण भएको दुईवटा उपकरणमध्ये हाल एउटा मात्र सञ्चालनमा छ । मन्त्री खड्काले बिग्रेका उपकरणको तत्काल मर्मत गर्नुका साथै त्यसको विकल्पमा नयाँ प्रविधिको अध्ययन गरेर सञ्चालनमा ल्याउनसके सिँचाइ सुविधामा सहयोग पुग्ने बताए । सुनसरी–मोरङ सिँचाइ आयोजनामार्फत हाल सुनसरीको ४० हजार र मोरङको २८ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सेवा उपलब्ध हुँदै आएको छ ।

निरीक्षणका क्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयकी सचिव सरिता दवाडी, मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रवल अधिकारी, सिँचाइ विभागका उपमहानिर्देशक दिनेश भट्टलगायत सहभागी थिए । रासस

# भूमिगत सिँचाइमा बजेट कम, माग बढी

**चितवन ।** चितवनसहित तीन जिल्ला हेर्दै आएको चितवन भूमिगत संयोजनात्मक जल सिँचाइ आयोजनामा बजेट कम हुँदा किसानको मागअनुसार आयोजना बन्न सकेका छैनन् । सिँचाइसँगै कृषिजन्य उत्पादन बढ्दै गएपछि किसानले स्यालो ट्युवेल र डिप ट्युवेलको माग गर्दै आएका छन् ।

कार्यालयमा हालसम्म स्यालो ट्युवेल दुई सय ५० र डिप ट्ुयुवेल ४० वटा माग भएकामा बजेट अभावले चालु आर्थिक वर्षमा ६२ वटा योजना मात्रै कार्यान्वयन गर्ने तयारी भएको हो ।

आयोजना प्रमुख विश्वबन्धु केसीका अनुसार चितवनमा ३८, मकवानपुरमा पाँच र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा ११ वटा आयोजना सञ्चालन गरिँदै छ । चितवनको इच्छाकामना गाउँपालिकाबाहेक अन्य सबै पालिकामा आयोजना कार्यान्वयन हुने उनले बताए । मकवानपुरको हेटौँडा उपमहानगरपालिका तथा मनहरी,बकैया र बागमती गाउँपालिकामा आयोजना सञ्चालन हुने केसीले जानकारी दिए । नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा गैँडाकोट, देवचुली, कावासोती, मध्यबिन्दु र विनय त्रिवेणी नगरपालिकामा आयोजनाको काम हुने उनले बताए ।

आयोजना प्रमुख केसीले भने, 'अन्य जिल्लाको तुलनामा चितवनका किसानले बढी माग गर्नुभएको छ । मागअनुसार आयोजना भने पर्न सकेको छैन ।'

यी आयोजना सम्पन्न गर्न ४० करोड रुपैयाँ बजेट विनियोजन भएको जनाउँदै तोकेर आयोजना आएकाले किसानका मागअनुसार काम गर्न नसकिने उनले उलेख गरे ।

विसं २०७७ मा स्थापना भएको यस कार्यालयले हालसम्म लिफ्ट सिँचाइ ११ र डिप बोरिङ ९८ वटा जडान गरी तीन हजार सात सय हेक्टर क्षेत्रफलमा सिँचाइको व्यवस्था गरेको छ ।

वैकल्पिक सिँचाइको अभाव भएका स्थानमा संयोजनात्मक सिँचाइले काम गर्दै आएको केसीले जानकारी दिए ।

अघिल्ला वर्षमा मकवानपुर र चितवन मात्रै हेर्दै आएको यस आयोजनाले यस वर्ष नवलपुरमा थप गरेर काम गर्दै आएको हो । रासस

# अर्थमन्त्री पौडेल र आइएमएफ उपनिर्देशकबीच शिष्टाचार भेट



**काठमाडौँ ।** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को एसिया प्रशान्त क्षेत्र उपनिर्देशक रुपा दत्त गुप्ताबीच शिष्टाचार भेट भएको छ ।

अर्थ मन्त्रालयमा भएको भेटमा उपनिर्देशक दत्तगुप्ताले नेपालको अर्थतन्त्र सुधार हुँदै गएको आफूले पाएको बताए ।

उनले नेपालमा लागानी सहजीकरणसम्बन्धी कानून परिमार्जन हुँदै गएको, राजस्व परिचालन रणनीति कार्यान्वयनमा आएको, अर्थतन्त्रसम्बन्धी विभिन्न सुझाव कार्यान्वयन हुँदै गएकाले आफू उत्साहित भएको धारणा व्यक्त गरेको अर्थमन्त्री पौडेलको सचिवालयले जनाएको छ ।

यो अवसरमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री पौडेलले अर्थतन्त्रलाई सुदृढ गर्न सरकारले योजनाबद्ध रुपमा काम गरिरहेको जानकारी गराएका थिए । रासस

# दुई वर्षदेखि खेलमैदान अलपत्र



**ढोरपाटन ।** बागलुङ नगरपालिका–४ ओडारचौरमा नौ वर्ष अघि सुरु निर्माण भएको बहुउद्देश्यी खेलमैदान दुई वर्षदेखि अलपत्र परेको छ । दुई वर्षदेखि कुनै पनि निकायबाट बजेट नपर्दा खेलमैदान अलपत्र परेको हो ।

स्थानीयको सक्रियतामा ठाडो खोल्सालाई सम्याएर मेलमैदान बनाउन थालिएको थियो । उक्त खेलमैदान निर्माण सुरु भएको नौ वर्षसम्ममा ७५ प्रतिशत मात्रै काम सकिएको ओडारचौर बहुउद्देश्यी खेलमैदानका अध्यक्ष रामप्रसाद आचार्यले बताए । लामो समयदेखि काम रोकिएपछि बनेका संरचना जीर्ण भएका छन् भने प्याराफिटसमेत भत्किएका छन् । खेलमैदान निर्माणका लागि बागलुङ नगरपालिका, गण्डकी प्रदेश र स्थानीयले लाखौँ लगानी गरेका छन् ।

खेलमैदानका लागि उपयुक्त ठाउँ छनोट नहुँदा समस्या आएको स्थानीय बताउँछन् । ठाडो खोलामा बर्खाको समयमा भेल आउने हुँदा खेलमैदानसहित त्यहाँ बनेका संरचना बगाउने गरेको छ । यसबाट हरेक वर्ष लाखौँको संरचना नष्ट हुँदै आएको छ ।

बर्खाको भेलले सडकको माटो, ढुङ्गासहितको गग्रेटाले खेलमैदानको अस्तित्व मेटाइदिएको आचार्यको भनाइ छ । खेलमैदान वरपर झाडी पलाएको छ भने प्याराफिटमा लेउ लागेको छ । बीच भागमा हिलाम्मे हुँदा खेल खेल्न नमिल्ने बनेको छ ।

खेलमैदानका अध्यक्ष आचार्यका अनुसार खेलमैदान निर्माणका लागि हालसम्म स्थानीयबाट ३० लाख रुपैयाँ सङ्कलन भएको, प्रदेश र स्थानीय सरकारबाट ३० लाख रुपैयाँ र जनश्रमदानदान गरी करिब एक करोड रुपैयाँ लगानी भएको छ । 'करोड लगानी भएको खेलमैदानमा अहिले खेल्नसक्ने अवस्था छैन । खेलमैदान प्रगति हालसम्म ७५ प्रतिशत सकिएको छ । बाँकी काम गर्न प्रदेश र स्थानीय सरकारले सहयोग गर्नुपर्छ', उनले भने ।


खेलमैदानलाई पूर्णता दिन थप ८० लाख रुपैयाँ आवश्यक पर्ने अनुमान गरिएको अध्यक्ष आचार्यले जानकारी दिए ।

बागलुङ बजारस्थित निर्माणाधीन उक्त खेलमैदानमा विभिन्न कार्यक्रम, सभा, सम्मेलन गर्न सकिने उनले बताए । 'यहाँका युवाको सक्रियतामा खेलमैदान बनाउन सुरु गरिएको हो, धेरै वर्ष भयो बनाउन थालेको अहिलेसम्म पूर्णता पाउन सकेको छैन । बागलुङ बजार छेउमा रहेकाले यहाँ सभा, समारोह गर्न उपयुक्त मानिन्छ । बजेट अभावले कामलाई निरन्तरता दिन सकिएको छैन', अध्यक्ष आचार्यले भने, 'यो ठाउँमा ठूलो खाल्डो थियो, खाल्डो पुरेर खेलमैदान बनाउन थालेका हौँ, ओडारचौरवासीले श्रमदानसँगै आर्थिक सहयोग पनि गर्नुभएको छ । यहाँबाट विदेश गएका युवाले पनि रकम पठाएर सहयोग गर्नुभएको छ ।' बजेट विनियोजन गरी निर्माणलाई निरन्तरता दिन सरोकार भएका निकायसँग माग गरे पनि सुनुवाइ नभएको उनले बताए ।

बागलुङ–४ का अध्यक्ष कुमार विक्रम क्षेत्रीले खेलमैदान निर्माण गरेको भूगोल नमिलेको भन्दै प्राविधिक कमजोरीका कारण अहिलेसम्म सम्पन्न हुन नसकेको बताए । पहिले मैदान निर्माणमा सक्रिय कतिपय युवा विदेश पलायन भएको भन्दै अन्यले चासो नदिँदा समस्या काम हुन नसकेको उनको भनाइ छ ।

नगरपालिकाले पनि लाखौँ रकम यहाँ लगानी गरेको बताउँदै बर्खा लाग्यो भने खेलमैदान डुबानमा पर्ने अध्यक्ष क्षेत्रीले उल्लेख गरे । उनले भने, 'यहाँ केही प्राविधिक कमीका कारण खेलमैदान सञ्चालन गर्न सकिएको छैन । अलपत्र परेको मैदान निर्माणका लागि प्राविधिक कमजोरी कसरी समाधान गर्ने भनेर सरोकार भएकासँग छलफल गर्ने योजना बनाएका छौँ । यसलाई पूर्णता दिन आर्थिक, प्राविधिक सहयोगका लागि नगरपालिका र प्रदेश सरकारसँग पहल गर्नेछु ।' रासस

# एसियन कराते च्याम्पियनसिपमा एरिकालाई रजत पदक



**काठमाडौँ ।** २० औँ एसियन सिनियर कराते च्याम्पियनसिपमा नेपालकी एरिका गुरुङले रजत पदक प्राप्त गरेकी छिन् ।

चीनको हाङ्जाउमा आइतबार भएको खेलमा ६८ किलो माथिको तौल समूहको फाइनल खेलमा एरिका भियतनामकी नाओन थि नुयेनसँग ६–० अङ्कले पराजित भइन् । यसअघि सेमिफाइनल खेलमा उनले थाइल्याण्डकी केवलिन सोङगलिनलाई ८–० अङ्कले हराउँदै फाइनलमा स्थान बनाएकी थिइन् ।

एसियन कराते फेडरेसनले आयोजना गरेको एसियन च्याम्पियनसिपमा एरिकाले प्राप्त गरेको रजत पदक नै नेपालका लागि पहिलो हो । अहिलेसम्म कुनै पनि नेपाली खेलाडीले एसियन सिनियर कराते च्याम्पियनसिपमा पदक जित्न सकेका छैनन् ।

एरिकाले प्रि–क्वाटरफाइनलमा फिलिपिन्सकी इसाबेल अरियन्ने ब्रिटोलाई ४–० अङ्कले पराजित गरेकी थिइन् । उनले क्वाटरफाइनल खेलमा कजाकिस्तानकी सोफिया बेरुल्टसेभालाई पराजित गरेकी थिइन् । रासस

# ट्रम्पद्वारा ह्यारिससँग दोस्रो बहसको प्रस्ताव अस्वीकार



**विल्मिङ्टन ।** पूर्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार नोभेम्बर ५ मा हुने अमेरिकी राष्ट्रपति चुनावका लागि आफ्नो प्रतिष्पर्धी वर्तमान उपराष्ट्रपति कमला ह्यारिससँगको दोस्रो प्रत्यक्ष बैठकको प्रस्ताव अस्वीकार गरेका छन् । उनले केही राज्यहरूमा पहिले नै प्रारम्भिक मतदान भइरहेको हुनाले बहसका लागि 'धेरै ढिलो' भइसकेको बताएका हुन् ।

ट्रम्पले प्रस्ताव अस्वीकार गरेको अघिल्लो दिन ह्यारिसले अक्टोबर २३ को बहसका लागि प्रसारणकर्ता सिएनएनको निमन्त्रणा स्वीकार गरेको बताएका थिए ।


यदि बहस भएमा सेप्टेम्बर १० मा भएको प्रत्यक्ष बहसपछि दुई प्रतिष्पर्धी उम्मेद्वारबीचको यो दोस्रो बहस हुनेछ ।

'अमेरिकी जनतासँग उपराष्ट्रपति कमला ह्यारिस र डोनाल्ड ट्रम्पको अर्को बहस हेर्न पाउने अधिकार छ,' ह्यारिसको चुनावी अभियानका अध्यक्ष जेन ओमाले डिलनले एक विज्ञप्तिमा भने ।

'मलाई आशा छ ट्रम्प मसँग बहसमा सामेल हुन तयार हुनुहुनेछ,' ह्यारिसले सामाजिक सञ्जाल एक्समा पोस्ट गरेका थिए ।

उत्तरी क्यारोलिनाको एक चुनावी र्‍यालीमा ट्रम्पले आफू बहसका लागि इच्छुक रहेको तर केही राज्यहरूमा प्रारम्भिक मतदान सुरु भइसकेकाले धेरै ढिला भइसकेको बताएका थिए । रासस

# युक्रेन शान्ति सम्मेलनमा रुस सहभागी नहुने



**मस्को ।** रुसी विदेश मन्त्रालयका प्रवक्ता मारिया जाखारोभाले द्वन्द्व समाधानसँग सम्बन्धित नभएकाले रुसले युक्रेनबारे सम्भावित दोस्रो शान्ति सम्मेलनमा भाग नलिने बताएका छन् ।

उनले नोभेम्बरमा दोस्रो शान्ति शिखर सम्मेलन गर्ने युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीको योजनाको जवाफमा उक्त टिप्पणी गरेका हुन् । जेलेन्स्कीले सम्मेलनमा रुसी प्रतिनिधिहरूलाई आमन्त्रित गर्ने इच्छा व्यक्त गरेका थिए ।

'रुसी प्रतिनिधिहरू तथाकथित 'बर्गेनस्टक प्रक्रिया' अन्तर्गत कुनै पनि बैठकमा सहभागी भएका छैनन् र त्यसो गर्ने योजना पनि छैन । यो प्रक्रियाको वास्तविक द्वन्द्व समाधानसँग कुनै सरोकार छैन', उनले मन्त्रालयको वेबसाइटमा भने । शिखर सम्मेलनको उद्देश्य द्वन्द्व समाधानको एकमात्र आधारका रूपमा अव्यावहारिक जेलेन्स्की सूत्रलाई प्रवर्द्धन गर्ने, अन्तर्राष्ट्रिय समर्थन खोज्ने र रुसलाई आत्मसमर्पणका लागि अल्टिमेटम जारी गर्ने मञ्चका रूपमा प्रयोग गर्नु रहेको प्रवक्ता जाखारोभाको भनाइ थियो ।

उनले सङ्कटको कूटनीतिक समाधानलाई रुसले अस्वीकार नगरेको भन्दै विकसित भू–राजनीतिक यथार्थ र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले जुन १४ मा प्रस्ताव गरेको पहललाई प्रतिबिम्बित गर्ने गम्भीर प्रस्तावहरूमा छलफल गर्न खुला रहेको बताए । उनका अनुसार रुस र उसको हितलाई ध्यानमा नराखी न्यायपूर्ण तथा दिगो समाधान हासिल गर्न असम्भव छ । कुर्सक क्षेत्रमा भर्खरै युक्रेनी आक्रमण र रूसी भू–भागमा प्रहार गर्न लामो दूरीका नाटो हतियारहरूको प्रयोगलाई उदाहरण दिँदै जाखारोभले किएभ र पश्चिमी मुलुकहरूले शान्तिभन्दा युद्धमा ध्यान केन्द्रित गरेको भनी आलोचना गरे । रासस

# सुनको मूल्य हालसम्मकै उच्च

**काठमाडौँ ।** स्थानीय बजारमा आइतबार सुनको मूल्यले पुनः नयाँ कीर्तिमान कायम गरेको छ । लगातार वृद्धि हुँदै आएको सुनको मूल्यमा आइतबार भएको वृद्धिपछि हालसम्मकै उच्च मूल्य कायम भएको हो ।

अन्तर्राष्ट्रिय बजारमा पनि लगातार सुनमा मूल्य वृद्धि हुँदा त्यसको प्रभाव स्थानीय बजारमा परेको हो । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आइतबार तोलामा एक हजार सात सय रुपैयाँले वृद्धि भएको छ ।

शुक्रबार प्रतितोला एक लाख ५७ हजार एक सय रुपैयाँमा कारोबार भएको छापावाला सुन आइतबारका लागि एक लाख ५८ हजार आठ सय रुपैयाँ निर्धारण भएको थियो । असोज १ गतेको तुलनामा आइतबारको मूल्यसूची अनुसार छापावाला सुन तोलामा दुई हजार एक सय रुपैयाँले वृद्धि भयो ।

यस्तै, चाँदीको मूल्य तोलामा पाँच रुपैयाँले वृद्धि भयो । शुक्रबार प्रतितोला एक हजार नौ सय १५ रुपैयाँमा कारोबार भएको चाँदी आइतबारका लागि भने एक हजार नौ सय २० रुपैयाँ निर्धारण भएको थियो । रासस

# नेप्से परिसूचक ११ दशमलव ५८ अङ्कले बढ्यो

**काठमाडौँ ।** यो साताको कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको सुधार देखिएको छ ।

आइतबार नेप्से परिसूचक ११ दशमलव ५८ अङ्कले बढेर दुई हजार पाँच सय ८८ दशमलव ३५ को अङ्कमा रोकिएको हो ।

आइतबार तीन सय २५ कम्पनीको एक करोड २४ लाख ८५ हजार सात सय ३१ कित्ता शेयर ७२ हजार नौ सय ५७ पटक खरिदबिक्री हुँदा पाँच अर्ब नौ करोड २९ लाख ४८ हजार छ सय ९० रुपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

वित्त समूह शून्य दशमलव ३१, होटल तथा पर्यटन शून्य दशमलव ६१, उत्पादन तथा प्रशोधन शून्य दशमलव १९, लघुवित्त शून्य दशमलव १८ र म्युचुअल फन्ड शून्य दशमलव १० प्रतिशतले घटेका छन् भने अरु सबै समूहको उपसूचक बढेको छ ।

सबैभन्दा बढी बैकिङ समूह एक दशमलव ०१ प्रतिशतले बढेको छ । विकास बैंक शून्य दशमलव ६६, जलविद्युत् शून्य दशमलव ३१, लगानी शून्य दशमलव ६२ र जीवन बीमा समूह शून्य दशमलव २४ प्रतिशतले बढेको छ । त्यस्तै, निर्जीवन बीमा समूह शून्य दशमलव ४७, व्यापार शून्य दशमलव ०७ र अन्य समूह शून्य दशमलव ४१ प्रतिशतले बढेको छ ।

इस्टर्न हाइड्रोपावर लिमिटेड, आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड र अपर साञ्जी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा आइतबार सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घटनेमा भने रावा इनर्जी डेभलपमेन्ट लिमिटेडको शेयर मूल्य आठ दशमलव ६५ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै सिइडिबी हाइड्रोपावर डेभलपमेन्ट लिमिटेडको कम्पनी लिमिटेडको २७ करोड ८० लाख २७ हजार सात सय १५ रुपैयाँ बराबरको शेयर खरिदबिक्री भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने एनएमबी सुलभ इन्भेष्टमेन्ट फन्ड–२ को छ लाख ४७ हजार दुई सय तीन कित्ता किनबेच भएको छ । रासस

# समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि काम अगाडि बढाएको छुः स्वास्थ्यमन्त्री



*स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले मन्त्रालयमा जिम्मेवारी सम्हालेको दुई महिना भएको छ । वर्तमान मन्त्रिपरिषद्मा रहेका मन्त्रीहरुमध्ये आशा गरिएका मन्त्रीमध्येमा पर्छन् उनी । त्यसैले धेरैको अपेक्षा छः उनले स्वास्थ्य क्षेत्रमा सुधार ल्याउँछन् । मन्त्री पौडेलले पनि स्वास्थ्य क्षेत्रमा सुधार गर्न चाहेका विषयहरु सार्वजनिक गरिसकेका छन् । मन्त्रीको जिम्मेवारीमा पुगेको झन्डै एक महिनापछि उनले आफ्ना प्राथमिकताका क्षेत्र र योजनाहरु सार्वजनिक गर्दै आफूले स्वास्थ्य क्षेत्रमा गर्न चाहेका सुधारहरुका विषयमा जानकारी दिएका थिए । मुख्य १४ वटा विषयमा केन्द्रित रहेर स्वास्थ्य क्षेत्रमा सुधारका कामहरु अगाडि बढाउँदै जाने उनी बताउँछन् । उनका योजना तथा प्राथमिकताका विषय लगायतमा केन्द्रित रहेर गरिएको कुराकानीः*

**मन्त्रीको रुपमा जिम्मेवारी सम्हाल्नुभएको दुई महिना भयो । बाहिरबाट देखेको र आफैंले जिम्मेवारी सम्हाल्दै गर्दा कस्तो फरक पाउनुभयो ?**

– बाहिरबाट देख्दा र आफैंले जिम्मेवारी लिएपछि फरक हुनु स्वभाविक हो । यहाँको मेकानिजम अलि व्यवस्थित नभएकाले सबै कुरालाई सिस्टममा ढाल्नुपर्ने, विधि, प्रक्रियाद्वारा सञ्चालन गर्नुपर्ने कुराहरु खड्किएको देखिएको छ । हामीकहाँ जनशक्ति, उपकरण र पूर्वाधार कुनै पनि पूर्ण छैन । यो अपूर्णतामा हामीले प्रभावकारी सेवा दिनुपर्ने स्थिति छ । सबै कुरामा पूर्ण बनाउने स्थिति पनि छैन । तर हामीलाई सेवा प्रभावकारी नबनाउने छुट पनि छैन । त्यसैले अनेक सीमितताका बीच प्रभावकारी सेवा दिने अवस्था निर्माण गर्नुपर्नेछ । भित्र आएर देखेको मुख्य विषय यही हो । स्वास्थ्यमा जनशक्ति एकदमै सीमित छ । यही संख्याबाट विदेशिने क्रम पनि बढेको अवस्था छ । उत्पादन पनि घटेको अवस्था छ । यसको मेकानजिमलाई व्यवस्थापन गर्नुपर्नेछ ।

अस्पतालहरुको तह विभिन्न सेवा प्रवाह गर्ने गरी निर्धारण गरिएको छ । तर अभ्यासमा भने एउटै खालको सेवा दिने गरी अस्पतालहरुको विकास भएको छ । शय्या कति छ भन्नेभन्दा पनि सेवा के दिन्छ भन्ने हिसाबले अस्पतालको वर्गीकरण गर्न आवश्यक छ । समग्र स्वास्थ्य क्षेत्रमा उपचारात्मक पद्धतिका लागि मात्र काम गर्नुपर्छ भन्ने बुझाइ छ । तर देशलाई स्वस्थ बनाउन, निरोगी नेपाल निर्माण गर्न, भावी पुस्तालाई स्वस्थ बनाउने हो भने अब उपचारात्मक पद्धतिमा मात्र काम गरेर हुँदैन । रोग लाग्नै नदिने निरोधात्मक क्षेत्रमा सचेतनामा पनि काम गर्नुपर्नेछ । अस्वस्थ नेपाली बढ्दै जान्छन् र उनीहरुलाई उपचार कसरी दिने भन्ने मात्र सोचेर हुँदैन भने नेपालीलाई बिरामी नै हुन नदिने उपायबारे काम गर्न जरुरी छ । स्वास्थ्य समस्या भएकालाई सहयोग पनि गर्ने, निरोगीलाई अस्वस्थ हुन नदिन पनि काम गर्नुपर्नेछ ।

जनसंख्या भनेको विकासको नीति बनाउन, रोजगारी सिर्जना गर्न, विभिन्न क्षेत्रमा नीति निर्माण गर्न पनि आवश्यक हुन्छ । स्वास्थ्य क्षेत्रमा उपचारात्मक प्रणालीमा केही काम भएको छ । तर जनसंख्याको पाटोमा खासै काम भएको छैन । यो पाटो पनि सँगै लिएर जान आवश्यक छ । सबै विषयलाई प्राथमिकता निर्धारण गरेर आत्मसात गरेको अवस्था छैन । हामीले यो स्थिति निर्माण गर्न पहल गर्नुपर्नेछ ।

**स्वास्थ्य मन्त्रीका रुपमा तपाईंबाट धेरैले यो–यो काम गर्छु भन्दा पनि यो–यो काम गरें भन्ने कुरा सुन्न चाहन्छन् । मन्त्रालयमा आएपछि के–के काम गर्नुभयो ?**

– मैले अहिले नै ठूलो कामहरु गरें भनेर पौरख गरिहाल्ने स्थिति बनेको छैन । तर सुधारका संकेतहरु एकदमै बेसिक लेवलमा आएको जस्तो छ भन्ने मलाई लाग्छ । अहिले सुरुवात भएको र गन्तव्यमा हिँडिरहेको स्थिति छ । त्यसैले परिणाम ठ्याक्कै नदेखिदासम्म उपलब्धिको फेहरिस्त देखाउन गाह्रै हुन्छ । स्वास्थ्य क्षेत्रलाई विस्तार गर्न, प्रभावकारी बनाउन केहीहदसम्म कामहरु सुरु भएका छन् । मैले स्वास्थ्य क्षेत्रमा गर्न चाहेका काम तथा विषय र योजनाहरु सार्वजनिक गरेर त्यही अनुसार अगाडि बढिरहेको छु । स्वास्थ्य क्षेत्र सुधार ल्याउन प्रयासहरु गरिरहेको छु । मन्त्रालयमा आउँदा माला, खादा लगाइनँ, तामझाम गरिनँ । यो खासै भनिरहनुपर्ने कुरा होइन । तर यो पनि एउटा सुरुवात हो । ३ सयको माला लाउने प्रतिस्पर्धा गर्ने वा कहीँ जाँदा लस्कर गाडी लाएर जाने कि गर्नुपर्ने काम पत्ता लगाएर त्यसमा गम्भीर भएर काममा ध्यान दिने । म काममा केन्द्रित छु । यो मन्त्रीले राम्रो काम गरेको छ भन्ने लाग्यो भने यहाँ (मन्त्रालय) बाट म जाने बेलामा मलाई माला लाइदिनूस्, नत्र त्यो ढंगको रवाफ देखाइरहने स्थिति होइन ।

**मन्त्रालयमा आएको एक महिनापछि आफ्ना प्राथमिकता र योजनाहरु सार्वजनिक गर्नुभएको थियो । ती विषयहरु कार्यान्वयनको अवस्था कस्तो छ ?**

– स्वास्थ्य क्षेत्रका सबै विषयलाई समेटेर प्राथमिकता र योजनाहरु सार्वजनिक गरेका थियौं । त्यही अनुसार नै अगाडि बढ्ने हो । बढिरहेका छौं । कार्यान्वयन गर्दै स्वास्थ्य क्षेत्रमा सुधार ल्याउनका लागि नै ती विषयहरु सार्वजनिक भएका हुन् । हामीले हरेक विषयलाई प्राथमिकता दिँदै त्यही अनुसारको टिम र कार्ययोजना बनाएर अगाडि बढिसकेका छौं । संघीय प्रणाली अनुसार स्वास्थ्यको तहगत अधिकार कार्यान्वयन र समन्वय गर्ने विषयमा काम अगाडि बढिसकेको छ । विषयगत समितिको पहिलो बैठक राख्यौं । त्यसबाट एकापसमा समन्वय गरेर स्वास्थ्य नीति निर्माण गर्ने, स्वास्थ्य पूर्वाधारको विकास गर्ने, स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने भनेर निर्णय गरेका छौं । स्वास्थ्य क्षेत्रमा सेवा प्रवाह गर्ने अस्पताललाई कसरी व्यवस्थित गर्ने मोडालिटी तयार गरेर तत्कालीन र दीर्घकालीन गर्नुपर्ने कामको पनि स्पष्ट दृष्टिकोण ल्याएको अवस्था छ । एकीकृत स्वास्थ्य प्रणाली, स्वास्थ्य बीमा र सामाजिक सुरक्षा, जनशक्ति, बजेट, पोषण, लगायतका विषयमा सुधार गर्ने काम सुरु भएका छन् । यसका साथै रोग लाग्नै नदिने अभियान, आयुर्वेद र वैकल्पिक चिकित्सा, उपचारात्मक सेवा विस्तार र विकास, औषधिको गुणस्तर र नियमनका विषयमा पनि काम अगाडि बढेको छ । विदेशमा रहेका नेपालीको स्वास्थ्य र जनसंख्याका विषयमा पनि हामीले सुधार गर्ने प्रयास गरेका छौं । न्यूनतम आवश्यक उपकरण पनि उपलब्ध नभएको अवस्थामा यसलाई पनि थप गर्न सकिन्छ । औषधिमा व्यापक अनियमितता छ । औषधिको मूल्यमा एकरुपता छैन, गुणस्तर कायम भएको छैन । सस्तो र सर्वसुलभ औषधि उपलब्ध गराउन, नीतिगत पक्षमा सुधार र कार्यान्वयन गर्ने, गुणस्तर कायम गर्ने, मूल्य समायोजन गर्ने गरी काम गर्ने भनेर विषय अगाडि बढाएका छौं ।

नागरिकले स्वास्थ्य उपचारमा खर्च गर्दा घरखेत बेचेर गरिब भएको अवस्था छ। सरकारी तथ्यांकमै उपचारमा खर्च भएर वार्षिक रुपमा ५ लाख मानिस गरिबीको रेखामुनि जाने गरेका छन् भन्ने उल्लेख छ । तर यो संख्या तथ्यांकमा भएकोभन्दा बढी छ । यो मन्त्रालयमा म बसिरहँदा दिनमा १० देखि १५ जना बिरामी त उपचारमा घरखेत गयो अब उपचार गराउन सक्ने अवस्था छैन सहयोग गरिदिनूस् भन्दै आउँछन् । यी समस्या समाधानका लागि अब बीमाको दायरा बढाउन जरुरी छ । मन्त्रालयले बीमाको दायरा बढाएर पाँच लाख पु¥याउनुपर्छ भनेको छ । यसमा सबै राज्यले लगानी गरेर होइन, स्रोत सुनिश्चित गरेर गर्ने भनेका छौं ।

**स्वास्थ्य बीमाको विषयमा एक लाख दिने भनिएको विषय नै राम्रोसँग कार्यान्वयन भएको छैन । पाँच लाख कसरी सम्भव छ ?**

– स्वास्थ्य बीमामा एक लाख कार्यान्वयन हुन नसकेको मुख्य कारण यसको स्रोत सुनिश्चत नहुनु हो । अहिले बीमामा १३ अर्बको स्रोत छ । तर त्यो पनि नियमित ढंगले उपलब्ध नभएको कारण समस्या भएको हो । यसको कार्यान्वयन गर्ने प्रणालीमा पनि धेरै समस्या छ । बीमामा धेरै 'फेक क्लेम' भयो भन्ने छ । रेफरल सिस्टममा पनि समस्या छ । मान्छेको उपस्थित जहाँ छ, त्यहाबाट हुनुपर्ने हो । बिमितले विभिन्न खाले समस्या भोगिरहेका छन् । यसमा व्यवस्थापकीय पक्षमा सुधार गर्न जरुरी छ । समस्याहरुको पहिचान एक ढंगमा भइसकेको छ । अब हामीले त्यसको समाधान गर्दै अगाडि बढ्ने योजना बनाइरहेका छौं । बीमामा मुख्य कुरा स्रोत सुनिश्चित गर्न जरुरी छ । हामीले ५ लाख पु¥याउने भनेर यत्तिकै भनेको होइन । कसरी पुग्छ पनि भनेका छौं । सरकारले विभिन्न शीर्षकमा स्वास्थ्य सेवा उपलब्ध गराउने सुविधा दिएको छ । त्यसलाई एकीकृत ढंगले बीमा बोर्डबाट दिनुपर्छ । तीन तहका सरकारले विभिन्न शीर्षकमा नागरिकलाई करिब ३१ अर्बको स्वास्थ्य सुविधा दिन खर्च गरिरहेको छ । अब भिन्नभिन्न होइन, एकीकृत ढंगले बीमा बोर्डमार्फत खर्च हुने गरी बीमा बोर्डलाई व्यवस्थित गर्नुपर्छ ।

सरकारी संगठित क्षेत्र, गैरसरकारी संगठित क्षेत्रले पनि बीमामा योगदान गर्नुपर्छ । सरकारी तलब खानेले उसको तलबको दुई प्रतिशत बीमामा योगदान गर्ने, गैरसरकारी क्षेत्रमा पनि त्यसैगरी योगदान हुनपर्छ । राज्यले करकोष बनाएको छ । त्यो दोब्बर हुनुपर्छ । करकोषको पैसा बीमामा जानुपर्छ । चिनीजन्य पदार्थ बढी छ भने पनि सुगर ट्याक्स लगाएर बीमा कोषमा रकम जाने व्यवस्था गर्नुपर्छ । बीमाको प्रिमियम बढाउन वृद्धाभत्तामा पाइने १२ महिनाबाट एक महिनाको भत्ता कटाएर प्रिमियम गराउने र पाँच लाखसम्मको सुविधा दिने गर्नुपर्छ । बीमा कोर्षलाई समृद्ध बनाउने अनेकौं उपाय छन् ।

ती उपायहरुबाट बीमाको स्रोत बलियो बनाएर पाँच लाखको उपचार सेवा दिने भनेका हौं । अहिले पाँच लाख बनाउँदा बीमाको स्रोत ६५ अर्ब पुग्ने देखिन्छ तर हामीले ८५ अर्ब बराबरको स्रोत देखाएका छौं ।

**बिमितले अस्पतालको सेवा प्रवाहमा प्रश्न उठाइरहेका छन् । अस्पतालको सेवा सुधार नभई बीमा कसरी सुधार होला ?**

– सरकारी अस्पताल वा कुनै पनि अस्पतालले राम्रोसँग सेवा दिन बीमा प्रणालीको विकास गर्नुपर्छ । अस्पताल स्रोत पनि सुनिश्चित हुन्छ । शिक्षक, निजामती कर्मचारीको अस्पतालमा सेवा लिन जाँदा बीमाबाटै सहज रुपमा भुक्तानी हुन्छ । त्यसैगरी सबै नागरिकको सहज भुक्तानी हुने गरी बीमा प्राणालीबाट उपचार हुने बनाउनुपर्छ । त्यसको लागि बीमा बोर्डले रेगुलेट गर्ने हो वा एक्जुकेट गर्ने प्रष्ट हुनुपर्छ । मेरो विचारमा बीमाले रेगुलेट गर्नुपर्छ । आफ्ना बिमितले सेवा राम्रो पाएको छैन भने नागरिकलाई किन उपचार गराएनौ ? स्वास्थ्य सेवा किन्न म तिम्रोमा आउँदिन भनेर अस्पताललाई भन्न सक्नुपर्छ । त्यति पावरफुल हुनुपर्छ । बीमा बोर्डको काम प्रष्ट हुनुपर्छ ।

बीमा बोर्डले नियमन, नियन्त्रण र निगरानी गर्न सक्नुपर्छ । अस्पतालले पनि सेवा–सुविधा राम्रोसँग दिन उसको व्यवस्थापकीय सुधार गर्नुपर्छ । बीमाबाट नागरिकले पाँच लाख पाउने भयो भने बिरामी सेवा राम्रोसँग दिने अस्पतालमा जान्छ । भद्रगोल सेवा भएको अस्पतालमा जाँदैन । बीमा भएको नागरिकको उपचार सबै अस्पतालले गर्न चाहने भएकाले नागरिकले स्वास्थ्य संस्था छनोट गर्न पनि पाउँछन् । यसो भन्दै गर्दा सरकारी अस्पतालहरुमा पनि त्यही अनुसार सुधार गर्दै जानुपर्छ । हामीले अस्पताल सेवा सुधारका प्रयासहरु अगाडि बढाइसकेका छौं । बीमाले निर्धारण गरेको शुल्कमा शल्यक्रिया सेवा दिन नसकिने भन्दै केही अस्पतालले बिमितलाई सेवा नदिने भनेका छन् ।

**यस्ता खाले समस्या पटकपटक देखिएको छ । यसको समाधानमा तपाईंको पहल के हुन्छ ?**

– यो समस्या बीमा बोर्ड र अस्पतालबीचको समन्वयबाट समाधान हुने कुरा हो । बेलाबखत यस्ता खाले समस्या आइरहन्छन् र दुई पक्षीय छलफलबाट नै समाधान हुन्छ । बीमा बोर्डले बिमितले उपचार गरेको पैसा समयमा दिन सकेन भने स्वास्थ्य मन्त्रालय, सरकार जिम्मेवार हुनुपर्छ । यसमा हाम्रो पनि जिम्मेवारी छ । तर 'फेक क्लेम' हुँदा यसको अनुगमन र नियमन गर्ने जिम्मेवारी बोर्डको हो । सर्जरी शुल्कको विषयलाई समयसापेक्ष बनाउने कुरा बीमा बोर्डको हो । फेक क्लेममाथि छानबिन गर्ने, अस्पतालहरुलाई समयमा नै भुक्तानी दिने, लगायतका काममा बीमा बोर्ड बलियो हुनुपर्छ । बीमा बोर्डको लागि आवश्यक जनशक्ति उपलब्ध गराउने जिम्मेवारी मन्त्रालयको हो । मन्त्रालयले बोर्डलाई दिने सुविधा, ऐन तथा नियम संशोधनका कुरामा स्वास्थ्य मन्त्रालयले सुधार गर्दै जानेछौं । अहिले बीमा प्रणालीमार्फत नियमित रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने प्रक्रियालाई अवरुद्ध हुन दिन हुँदैन । यसमा मन्त्रालय बीमा बोर्ड, अस्पताल सबै जिम्मेवार हुनुपर्छ । यो बीमा मात्र होइन, नागरिकलाई सर्वसुलभ र सस्तोमा स्वास्थ्य सेवा उपलब्ध गराउन गरिएको सामाजिक सुरक्षा हो ।

**बीमा ऐन नियम संशोधनको विषय निकाल्नुभयो । के मन्त्रालयले यसको तयारी अगाडि बढाएको हो ?**

– अहिले बीमा ऐन संशोधनको तयारी गरिरहेका छौं । सो क्रममा बीमा बोर्डको सञ्चालन विधि, प्रभावकारिता वृद्धिमा चाहिने कानुनी प्रावधान राख्ने लगायतका विषयमा छलफल गरिरहेका छौं । मन्त्रालयले बीमालाई व्यवस्थित गर्ने, बजेटको सिलिङ बढाउने र स्रोत सुनिश्चित गर्ने गरी प्रस्ताव गरेको छ । यो प्रस्तावलाई सरकारको प्रस्ताव बनाउन कोसिस गरिरहका छौं ।

**मन्त्री भएर आएकै दिन अस्पतालको लाइन अन्त्य गर्छु भन्नुभयो । तर यो निर्णयबाट पछि हटे जस्तो गर्नुभयो नि ?**

– यो कुरामा म पछि हटेको छैन । नियमित यो काममा लागिरहेको छु । म आउनुअघि र अहिले आइसकेपछि कतिपय अस्पतालमा सेवाको विषयमा सकारात्मक परिवर्तन पनि भएको छ । अस्पतालमा सेवा लिनेको लाइन हट्ने होइन, घट्ने रहेछ । त्यसैले लाइनलाई घटाएर बेन्चलाइनलाई सीमित गर्ने कोसिस गरेका छौं । अस्पतालमा रजिस्ट्रेसन गर्ने मात्र होइन, ओपीडी, ल्याब टेष्ट, भर्ना, शल्यक्रिया सेवामा लगायतमा हुने लाइन घटाउन जरुरी छ । हामीले विशेष खालको शल्यक्रिया सेवाको लागि दुई हप्ताभन्दा बढी कुर्न नपर्ने स्थिति निर्माण गर्दैछौं । सर्टेन इन्सेन्टिभ बढाएर कसरी अस्पताललाई तीन सिफ्टमा चलाउन सकिन्छ, ईएचएसलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भनेर तयारी गरेका छौं । अहिले अस्पतालको सेवा दुई सिफ्ट बनाएर सेवा अवधि बढाएको होइन, सेवालाई व्यवस्थित गरेको हो । चिकित्सक तथा स्वास्थ्यकर्मीलाई इन्टेन्सिभ दिएर तेस्रो सिफ्ट चलाउने र अस्पतालमा भएका उपकरणलाई अधिकतम उपयोग गर्ने प्रयास गरिरहेका छौं । यो सबै कुरा सेवाग्राहीले समयमै सेवा उपलब्ध गराउन, लाइन घटाउनका लागि गरिएको हो । हामीले सातै प्रदेशमा क्यान्सरको उपचार सेवा उपलब्ध गराउन सेवा विस्तार गरेका छौं । सातै प्रदेशमा मानव अंगप्रत्यारोपणको सुविधा बनाउने तयारी गरेका छौं । अहिले तीन वटा प्रदेशमा सेवा विस्तार भइसकेको अवस्था छ । बाँकी ४ वटा प्रदेशमा क्रमशः गर्ने प्रक्रियामा छौं । मुटुको उपचारमा पनि सातै प्रदेशमा हुने गरी तयारी गरेका छौं । यी सबै सेवा विस्तार हुन केही समय लाग्न सक्छ । तर हाम्रो तयारी व्यापक रुपमा अगाडि बढेको छ ।

**अहिले सार्वजनिक बिदाको दिनमा पनि सेवा दिनुपर्ने भनिएको छ । एकातर्फ जनशक्ति नै कम छ, अर्कोतर्फ बिदाको दिनमा पनि काम गर्न भनिएको भन्दै विरोधका आवाज आइरहेको छ नि ?**

– थोरै जनशक्ति छ भनेर नै बिदाको दिन सेवा दिन आग्रह गरिएको हो। अल्टरनेटिभ दिन बिदा दिने भनेको सेवा प्रभावित नहुने गरी हो । हामीले उहाँहरुलाई बढीभन्दा बढी समय नागरिकको स्वास्थ्य सेवामा खटिइदिनूस् भनेर दबाब दिएको होइन, सेवा गरिदिन अनुरोध गरेको हो । थोरै जनशक्ति भएकाले हामीले कन्भिन्स गरेर काम गराउनुपर्ने स्थिति छ । उहाँहरुको अधिकतम समय स्वास्थ्य सेवामा लगाउनुपर्ने अवस्था छ ।

हामीले स्वास्थ्य सेवा प्रभावकारी हुनुपर्छ, शहरमा मात्र होइन, गाउँगाउँमा पनि स्वास्थ्यकर्मी, स्वास्थ्य सेवा पुग्नुपर्छ भनिरहेका छौं । जनशक्ति थप्न पनि खास प्रभावकारी कदम चाल्न सकिरहेका छैनौं । यसमा मुख्य समस्या राज्यको आर्थिक अवस्था हो । स्वास्थ्य क्षेत्रप्रतिको आर्थिक दायित्व राज्यले निर्वाह गर्नुपर्ने तर राज्यको आर्थिक हैसियत नभएको कारणले समस्या भएको हो । तर अरु क्षेत्रलाई भन्दा स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्न जरुरी छ । स्वास्थ्य क्षेत्रमा बढी लगानी गर्न जरुरी छ । हाम्रो सरकार बजेटपछि आयो । त्यसैले अहिले स्रोत सुनिश्चित नभएको अवस्थामा यसै वर्ष सबै काम गर्न सकिँदैन । तर अगामी वर्षदेखि स्वास्थ्यलाई प्राथमिकता राख्ने, स्वास्थ्यमा धेरै बजेट छुट्याउने काममा हामी लाग्छौं ।

**बजेट आउनुअघि सबैले स्वास्थ्यलाई प्राथमिकता दिनुपर्छ, कुल बजेटको १० प्रतिशत आउनुपर्छ भनेर दलका नेताहरुले नै वकालत गर्छन् । तर बजेट आउँदा भने ५ प्रतिशत पनि पुग्दैन । आगामी दिनमा स्वास्थ्यको बजेट बढाउन यहाँको पहल के रहन्छ ?**

– यो बजेटको कोणबाट हेर्दा स्वास्थ्यलाई जति प्राथमिकतामा राखिएको हो, त्यति नराखेको पक्कै हो । हामीले चर्चामा, डकुमेन्टहरुमा, व्यक्तिगत बोलीमा स्वास्थ्यप्रतिको कमिटमेन्ट जाहेर गर्न कहीँ पनि बाँकी राखेका छैनौं । तर सरकार सञ्चालन गर्ने, बजेट विनियोजन गर्ने, नीति निर्माण गर्ने सन्र्दभमा स्वास्थ्यलाई कति प्राथमिकतामा राख्न सकेका छौँ ? भनेर प्रश्न गर्ने स्थिति छ ।

खासगरी कोभिडपछि सरकारको स्वास्थ्यप्रतिको दायित्व सबैले महसुस गरेको अवस्था छ । तर बजेटमा त्यसको रिफ्लेक्सन देखिएको छैन । त्यसैले यो महसुस गराउन यसको निरन्तर पैरवी गरिरहेका छौं । स्वास्थ्य सबैपक्षसँग जोडिएको छ । वातावरण, जलवायु परिवर्तन, खानपान, जीवनशैली सबैसँग स्वास्थ्यको विषय जोडिएको हुनाले सबै मन्त्रालयले स्वास्थ्यका विषयलाई बुझ्न जरुरी छ । बजेट बढाउने विषयमा मेरो प्रयास निरन्तर रहन्छ नै ।

**स्वास्थ्य मन्त्रालयमा देखिएको अर्को समस्या जनशक्ति र कर्मचारी व्यवस्थापनको हो । एकातर्फ जनशक्ति कम अर्कोतर्फ भएका जनशक्ति जिम्मेवारीविहीन भएर फाजिलमा छन् । यो अवस्था किन छ ?**

**यसको समाधानका लागि के छ तपाईंको प्रयास ?**

– स्वास्थ्यमा जनशक्ति निकै कम छन् । स्वास्थ्य मन्त्रालयको कुरा आउने वित्तिकै 'ओएनएम' (संगठन तथा व्यवस्थापन सर्वेक्षण)को कुरा आउँछ । हजारौं जनशक्ति स्वास्थ्यमा आवश्यक छ । तर अहिले चर्चा भएको संख्यामा ओएनएम हुन सम्भव नै छैन । त्यसैले सातै प्रदेशमा अस्पताललाई आवश्यक पर्ने न्यूनतम जनशक्ति उपलब्ध गराउने गरी पहिलो चरणमा १५ सयभन्दा कम स्वास्थ्य जनशक्ति थप गर्नुपर्छ भनेका छौ ◌। २०४८ सालपछि स्वास्थ्यको जनशक्तिको दरबन्दी खासै बढेको छैन । काठमाडौं उपत्यकामा जनसंख्या बढ्यो तर नयाँ सरकारी अस्पताल बढेको छैन । यति धेरै जनसंख्यालाई उपचार गर्ने जनशक्ति पनि सरकारी तहमा बढेको छैन । राज्यले धान्ने गरी ओएनएम गर्दा कति जनशक्तिले धान्न सकिन्छ ? पूर्वाधार कति बढाउन सकिन्छ ? त्यही बुझेर केही न केही सुधारको प्रयास गरौं भनेर अहिलेलाई न्यूनतम जनशक्ति भए पनि बढाउनुपर्छ भनेर लागेका हौँ ।

फाजिलमा रहेका कर्मचारीको व्यवस्थापनका लागि हामीले मन्त्रिपरिषद्बाट प्रस्ताव पास गरेर दरबन्दीभन्दा बढी जनशक्ति जहाँ छन्, उहाँहरुलाई दरबन्दी भएको ठाउँमा पु¥याउने गरी व्यवस्था गरेका छौं । स्थानीय तहमा पुगेका एमडी÷एमएस गर्नुभएका चिकित्सकहरु जसले योग्यता अनुसारको काम पाउनुभएको छैन, उहाँहरुलाई प्रदेशसम्म उहाँहरुको काम जहाँ हुन्छ त्यहाँ पु¥याउने व्यवस्था गरेका छौं । जिम्मेवारीविहीन भएकालाई व्यवस्थापन गर्ने नीतिगत व्यवस्था गरेका छौं । त्यसलाई आगामी हप्ता कार्यान्वयन गर्छौं । दरबन्दी भएको, पदपूर्ति नभएको अवस्थामा पनि लोकसेवा आयोग, सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरेर पदपूर्ति गर्ने तयारी गरेका छौं । भएका जनशक्तिलाई अधिकतम रुपमा प्रयोग गरेका छौं । जनशक्ति बढाउँछौं भने पनि योग्य जनशक्ति कम हुँदै गएको अवस्था छ । त्यसैले योग्य जनशक्ति उत्पादन गर्न राज्यले सोही अनुसारको नीति बनाउनेछ । ३०० शय्या भएका अस्पतालमा एमबीबीएस, एक सयदेखि दुई सयसम्म शय्या भएकामा नर्सिङ, पाँच सय शय्याभन्दा माथिका अस्पतालमा एमबीबीएसको कोटा वृद्धि गर्ने, कतिपय अस्पतालमा एमडी÷एमएस अहिले सञ्चालन गर्न सकिने अवस्था छ, त्यहाँ उक्त शैक्षिक कार्यक्रम सुरु गर्न सकिन्छ । एमडी÷एमएसको पढाइ सुरु गर्दा जनशक्ति उत्पादनसँगै अस्पताललाई चाहिने जनशक्ति पनि उपलब्ध हुन्छ । कुन तरिकाले जनशक्ति थप उत्पादन गर्न सकिन्छ ? भएको जनशक्तिलाई कसरी प्रभावकारी ढंगले प्रयोग गर्न सकिन्छ ? त्यसमा हामीले कोसिस गरिरहेका छौं ।

**देशभर आधारभूत अस्पताल निर्माणको क्रममा छ । भवन बन्ने तर सञ्चालनका लागि जनशक्ति र औजार–उपकरण नहुने खतरा बढ्दै गएको छ भन्ने सुनिन्छ । यसमा के गर्दै हुनुहुन्छ ?**

– अहिलेसम्म ४७ वटा आधारभूत अस्पताल बनिसकेका छन् । आधारभूत अस्पतालसँगै अन्य अस्पतालका भवन पनि बनेर सेवा सुरु नभएको अवस्था छ । जस्तै, भक्तपुरमा छाती रोग केन्द्र बनेको छ । बुढानीलकण्ठमा पञ्चकर्म आयुर्वेद अस्पताल बनेको छ । यी सबैमा हामीले उपकरण सेटअप गर्छौं । आवश्यक जनशक्ति उपलब्ध गराउँछौं । भवन बनेका अस्पतालहरु सञ्चालनमा ल्याउँछौं । शैलजा आचार्य हृदयरोग केन्द्र प्रदेशले विराटनगरमा बनाएको छ । जनशक्तिको अभावले क्याथ ल्याब, शल्यकक्ष बन्न नसक्दा सञ्चालनमा आउन सकेको छैन । त्यो बन्न नसकेको प्रयोगशाला, शल्यकक्ष र आवश्यक न्यूनतम जनशक्ति उपलब्ध गराएर कोशी प्रदेशमा उक्त केन्द्र सञ्चालन गर्दैछौं । मधेश प्रदेशमा गंगालालले जनशक्ति पठाएर त्यहाँ मुटुरोगको उपचार केन्द्र सञ्चालनको पहल गरको छ । त्यहाँ पनि क्याथल्याब, शल्यकक्ष बन्न सकेको छैन । प्रदेश सरकारले त्यो बनायो भने हामी गंगालालबाट जनशक्ति उपलब्ध गराएर केन्द्र छिटो सञ्चालन गर्न सक्छौं । बर्दिबासमा मेयरले गंगालालबाट जनशक्ति उपलब्ध गराइदिनूस्, अरु सबै काम हामी गर्छौं भन्नुभएको छ । त्यसको लागि पनि समन्वय गरेका छौं । स्वास्थ्यखबर

# भ्रष्टाचारविरुद्ध प्रदेश सरकारले शुन्यसहनशीलता नीति अवलम्बन गरेको छः मन्त्री



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका भौतिक पूर्वाधार मन्त्री सरोजकुमार यादवले मधेश सरकारले सुशासन र भ्रष्टाचार न्यूनीकरणलाई प्रमुख एजेण्डाको रुपमा अगाडी बढाएको बताएका छन् । उनले वर्तमान सरकार दिगो र स्थायी भएको समेत दाबी गरे । आइतबार नेकपा एमाले पर्साद्वारा वीरगंजमा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा मन्त्री यादवले प्रदेशको बजेटमा अनियमितता र भ्रष्टाचार बढेको जनगुनासोलाई मध्यनजर गर्दै भ्रष्टाचार विरुद्ध अहिलेको सरकारले शुन्यसहनशिलता नीति अवलम्बन गरेको बताए । विगतमा मधेशमा चैतदेखि योजनाहरू शुरू हुने र विकासे योजनाको किनबेच हुने गरेको बताउँदै चालू आर्थिक बर्षमा दशैं लगतै विकासका योजनाहरु शुरु गर्ने तयारीमा सरकार जुटेको बताए ।

उनले एक हप्ताभित्रै पर्सामा मात्रै आठवटा प्रादेशिक सडकका योजनाहरू अघि बढने समेत जानकारी गराए । यसैगरी, आठ जिल्लामा एक पालिका एक पुलको योजनालाई पनि प्रदेश सरकारले प्राथमिकतामा राखेर काम गरिरहेको बताउँदै विगतमा प्रदेश सरकारले साना तथा टुक्रा योजनामा ध्यान दिए तापनि वर्तमान सरकारले भने ठूला आकारका योजनालाई बढी प्राथमिकतामा राखेको बताए । नेकपा एमाले पर्साका अध्यक्ष डा विश्वम्भर शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा एमालेका केन्द्रीय सदस्य एवं सांसद प्रभु हजरा, निर्मला देवकोटा, सल्लाहकार परिषद् सदस्य जालिम मियाँ, पोखरिया नगरपालिका प्रमुख प्रद्युम्न चौहान, छिपहरमाई गाउँपालिका अध्यक्ष एवम् एमाले पर्साका उपाध्यक्ष मनोज गुप्ता लगायतले मन्तव्य व्यक्त गरेका थिए भने कार्यक्रमको सहजीकरण नेकपा एमाले पर्साका सचिव महेश दासले गरेका थिए ।

# पर्सामा सुरक्षित गर्भपतन गराउने बढे

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा सुरक्षित गर्भपतन गराउनेको संख्या बढ्दै गएको छ । स्वास्थ्य कार्यालय पर्साको तथ्यांक अनुसार आर्थिक वर्ष २०७९÷८० को तुलनामा गत आर्थिक वर्ष २०८०÷८१ मा सुरक्षित गर्भपतन गराउनेको संख्या बढेको छ । गत आर्थिक वर्षमा १ हजार ६ सय ७१ जनाले सुरक्षित गर्भपतन गराएका छन् भने आर्थिक वर्ष २०७९÷८० मा १ हजार ४ सय ९८ जनाले सुरक्षित गर्भपतन गराएको तथ्यांकले देखाएको छ ।

आइतबार वीरगंजमा स्वास्थ्य लाइभ मिडियाले आयोजना गरेको सुरक्षित गर्भपतनका लागि जवाफदेहिता विषयक अन्तरक्रिया कार्यक्रममा सुरक्षित गर्भपतनको बारेमा जनचेतना कमी हुँदा मातृमृत्युदरको संख्यामा कमी आउन नसकेको सरोकारवालाहरुले बताएका छन् । सरकारले सुरक्षित गर्भपतनको कानुन नै बनाएर गर्भपतन सम्बन्धि सहज सेवा उपलब्ध गराएपनि जनचेतनाको कमीले गर्भपतनका असुरक्षित पराम्परागत विधि अपनाउने कारणले सुत्केरी महिलाहरुको ज्यान जोखिममा पर्ने गरेको प्रतिवेदन प्रस्तुतकर्ताहरुले बताएका थिए । मातृमृत्यु दर मध्ये करिब ५ प्रतिशत गर्भपतनको जटिलताका कारण हुने गरेको तथ्यांकले देखाएको छ ।

कार्यक्रममा वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले महानगरपालिकामा एउटा मात्रै बगही स्वास्थ्य केन्द्रमा सुरक्षित गर्भपतन सेवा उपलब्ध रहेको जानकारी दिदैँ गर्भपतनको विषयमा व्यापक प्रचार प्रसार नहुँदा सुरक्षित गर्भपतन गर्न नपाएर ज्यान जोखिममा पर्ने गरेको बताए । उनले सुरक्षित गर्भपतनको बारेमा व्यापक जनचेतनाको आवश्यकता रहेको र यसमा सञ्चार माध्यम र सञ्चारकर्मीले भूमिका खेल्नुपर्नेमा जोड दिए । नारायणी अस्पतालका प्रसुती रोग विशेषज्ञ डाक्टर मञ्जु रायले नेपालमा गर्भपतनको कानुनी व्यावस्था र उपलब्ध उपचार सेवा तथा हालसम्मको गर्भपतनको अवस्थाको बारेमा जानकारी गराएकी थिइन् । कार्यक्रमका अध्यक्षता गरेका स्वास्थ्य लाइभ मिडियाका प्रबन्ध निर्देशन अर्जुन अधिकारीले सञ्चारकर्मीहरुले स्वास्थ्य क्षेत्रमा निरन्तर कलम चलाउनु पर्नेमा जोड दिएका थिए ।

# नारायणीमा ‘आमा सुरक्षा’ कार्यक्रमको रकम वितरण पुनः शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित नारायणी अस्पतालले ‘आमा सुरक्षा’ कार्यक्रम अन्तर्गतको रोकिएको प्रोत्साहन रकम वितरण पुनः शुरु गरेको छ । चालु आर्थिक वर्षको साउन महिनादेखि संघ सरकार अन्तर्गत सञ्चालन हुँदै आएको कार्यक्रम अस्पतालले फेरि शुरु गरेको हो । गर्भवती महिलाहरूलाई सुत्केरी भएपछि प्रदान गरिने प्रोत्साहन रकमको रूपमा सरकारले प्रति सुत्केरी महिला एक हजार रुपैयाँ उपलब्ध गराउँदै आएको छ । नारायणी अस्पतालमा मासिक करिब ६५० गर्भवती महिला सुत्केरी हुने गरेका छन् । साउन महिनामा सुत्केरी भएर पनि रकम नपाएका महिलाहरूलाई टोकन प्रदान गरेर पछि उक्त रकम उपलब्ध गराउने व्यवस्था गरिएको छ । ‘आमा सुरक्षा’ कार्यक्रम मातहत सुत्केरी महिलाहरूलाई राहत र प्रोत्साहन दिनका लागि यो कार्यक्रम महत्वपूर्ण मानिन्छ ।

## अस्पतालको मेसुमा डा. दास

नारायणी अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट (मेसु) चार महिनापनि नबित्दै परिवर्तन भएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले स्वास्थ्य सेवा विभागको महानिर्देशकदेखि अस्पताल प्रमुखहरुको जिम्मेवारी हेरफेर गर्ने क्रममा नारायणी अस्पतालका मेसु पनि फेरिएका हुन् । मन्त्री पौडेलले नारायणी अस्पतालको प्रमुख मेसुको जिम्मेवारी ११ औं तहका चिकित्सक डाक्टर चुमनलाल दासलाई दिएका छन् । दास, स्वास्थ्य मन्त्रालयको स्वास्थ्य समन्वय महाशाखाको प्रमुख थिए । यसअघि गत जेष्ठ १३ गतेमात्रै नारायणी अस्पतालको निमित्त मेसुको जिम्मेवारी डाक्टर एनामुल हकले पाएका थिए ।




**संवाद कार्यक्रमः** गैरसरकारी संस्था महासङ्घ नेपालको आयोजनामा प्रदेशस्तरीय नीति संवादसम्बन्धी कार्यक्रममा आइतबार सहभागी हुँदै जनकपुरधाम उपमहानगरपालिका उपप्रमुख किशोरी साहलगायत । **तस्बिरः चन्दन ठाकुर (जनकपुर)**

# राजपुरमा हैजा पुष्टि, २ वटा वडामा निषेध



**सञ्जय मिश्रा**
**रौतहट ।**
जिल्लाको राजपुर नगरपालिकाको दुई वडामा फैलिएको झाडा पखाला हैजा पुष्टी भएको छ । हैजा पुष्टी भएसँगै अन्य समुदायमा फैलिन नदिन जिल्ला प्रशासन कार्यालय रौतहटले दुईवटा वडा निषेधित क्षेत्र घोषणा गरेको छ । जिल्ला प्रशासन कार्यालय रौतहटले आइतबार एक सूचना जारी गर्दै राजापुर नगरपालिका वडा नं ४ स्थित जोबैर चौक देखी मदनी चौक, शेख अब्दुल्लाहको खलीहान देखि डाक्टर नुरुल होदाको घरसम्मको वरिपरी क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेको हो । उक्त क्षेत्रमा स्वास्थ्य कार्यालय प्रमुखको अनुमति बिना स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाईकर्मी, अत्यावश्यक काम बाहेक कुनै व्यक्ति हिँडडुल गर्न नपाउने सिडिओ हिरालाल रेग्मीद्वारा हस्ताक्षरित सूचनामा उल्लेख गरिएको छ ।

त्यस्तै एक अर्काको घर वा बस्तीमा आवतजावत नियन्त्रण गर्ने, अत्यावश्यक बाहेक सवारीसाधन जान नपाइने, उक्त क्षेत्रमा माछा मासु ओसारपसार, बिक्री वितरण गर्न नपाउने, स्थानीय स्वास्थ्य शाखाबाट जारी आदेश पूर्ण पालना गर्ने गराउने सूचनामा उल्लेख गरिएको छ । राजपुर नगरपालिकाको पत्रअनुसार वडा ४ मा गत २ गते १ जनामा झाडा पखाला देखिएपछि क्रमसः बढ्दै गएको तथा आर डिटी र कल्चरको रिपोर्ट पोजिटिभ आउँदा रोकथाम नियन्त्रण तथा अन्य समुदायमा फैलिन नदिन प्रभावित क्षेत्रमा मानिसको आवतजावत लगायत गतिविधि तत्काल रोक्न सहयोगको लागि अनुरोध गरिएको थियो । सुरक्षा अधिकारीको टोली हैजा प्रभावित क्षेत्र राजापुर ३ र ४ को स्थलगत अनुगमन गरेको थियो । नगरपालिकाको आग्रह सँगै सुरक्षा निकायका प्रमुख सहित डाक्टरको टोलीले हैजा प्रभावित क्षेत्रमा अनुगमन निरीक्षण गरेपछि दुई वडा निषेधित क्षेत्र घषणा गरिएको सिडियो रेग्मीले जानकारी दिए । २२ जना झाडा पखालाका बिरामी उपचार गराउन प्राथमिक स्वास्थ्य केन्द्र राजपुरमा गएका थिए । सो मध्ये ७ जना बिरामीको दिशाको सेम्पल टेष्टको लागि प्रादेशिक अस्पताल गौरमा आरडिटी प्रविधिबाट र जनकपुर अस्पतालमा कल्चर गर्दा हैजाको जीवाणु फेला परेको छ ।

# कबड्डी खेलाडी सागरको उपचारमा सहयोग गर्ने खेलकुदमन्त्रीको प्रतिबद्धता

**मधेशदृष्टि**
**वीरगंज ।**
कबड्डी खेल्ने क्रममा घाइते भएका राष्ट्रिय कबड्डी खेलाडी सागर यादवको उपचारमा लागे खर्च मधेश प्रदेश सरकारले व्यवहोर्ने प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवालले प्रतिबद्धता जनाएका छन् ।

वीरगंज महानगरपालिका वडा नम्बर १५ लक्ष्मणवा निवासी यादव प्रदेश स्तरीय कबड्डी प्रतियोगिता खेल्दै गर्दा लडेर दाहिने खुट्टा भाँचिएर गम्भीर घाइते भएका थिए । काठमाडौँको ट्रमा सेन्टर अस्पतालमा खुट्टा र घुँडाको शल्यकृया गराएर उनी अहिले घरमै स्वास्थ्यलाभ गरिरहेका छन् ।

मध्यम आर्थिक अवस्था भएका सागरको उपचारमा ५ लाख रुपैयाँभन्दा बढी खर्च भइसकेको परिवारजनले बताएका छन् । अस्पतालमा १५ दिनसम्म राखेर उपचार गर्दापनि तीन तहका सरकारमध्ये कसैलेपनि सोधिखोजी नगरेको परिवारजनको गुनासो थियो । उक्त गुनासो बाहिर आएपछि आइतबार खेलकुद मन्त्री जयसवालले सागर र उनका परिवारजनलाई भेटेर उनको स्वास्थ्य अवस्था बारे जानकारी लिएका थिए । त्यसक्रममा मन्त्री जयसवालले उपचारमा लागेको खर्च प्रदेश सरकारले व्यवहोर्ने प्रतिबद्धता गरे ।

# एमबुलेन्स मर्मतमा सखुवा प्रसौनीको बेवास्ता



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सखुवा प्रसौनी गाउँपालिको एम्बुलेन्स ३ महिना देखि बिग्रिएर थन्किएको छ । गाउँपालिकाले एम्बुलेन्स मर्मत सम्भारका लागि चासो नदिँदा गाउँपालिकामा सुत्केरी हुने महिला तथा विभिन्न घटना, दुर्घटना, विरामीहरुलाई सहज रुपमा अस्पताल ल्याउने सुविधा पाउनबाट स्थानीय बन्चित भएका छन् ।

सखुवा प्रसौनी गाउँपालिकाले अनावश्यक काममा लाखौं रुपैयाँको इन्धन दुरुपयोग गरेको प्रतिवेदन महालेखापरिक्षणको कार्यालयले सार्वजनिक गरेको अवस्थामा यता गाउँपालिकाले जनतासँग प्रत्यक्ष सरोकार राख्ने एम्बुलेन्स सेवा ठप्प हुँदा चासो नदिएको भन्दै स्थानीयले आक्रोश व्यक्त गरेका छन् । विग्रिएको एम्बुलेन्स मर्मत सम्भार गर्न गाउँपालिकाले चासो नदिएपछि स्थानीयले चन्दा संकलन गरी मर्मत गराउने तयारी गरेका छन् ।







मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन